Jana Aakash National Weekly

# जन आकाश

Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष-१३ , अंक- १०, २०७७ साल असोज १३ गते मंगलबार (Sep 29, 2020) www.janaakash.com.np मूल्य रु १०।-

जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित
www.janaakash.com.np
अनलाइन सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।

सम्पर्कः ४१६७५७८ (बागबजार)
मोबाइलः ९८६१५८८४५६
Email: jana.news2065@gmail.com

# नेकपाको विवादले निम्त्याउन सक्ने खतरा

- पुर्व एमाले र पुर्व माओवादी धङधङीले गँजेको नेकपा ।
- प्रधानमन्त्री ओली समेत दवावमा ।
- बामदेव गौतमलाई नमिलाउदा झनै समस्या ।
- पार्टी भित्र हुने राष्ट्र बिरोधि कार्य ।

सरकारको नेतृत्व गरिरहेको नेपालको सवैभन्दा ठुलो पार्टी नेकपा( नेकपाको बिवाद अझै सुल्झिएको छैन । झण्डै ६ महिना अगाडी दखि शुरु भएको बिवाद अहिले सम्म सावधान भएको छैन ।

पुर्व एमाले र पुर्व माओवादी धङधङीले गाजेको नेकपामा पछिल्लो समय एउटै पार्टीमा दुईवटा अध्यक्ष रहेको र ति अध्यक्षहरु बिचमा आपसी कुरा नमिल्दा समस्या बढदै गएको छ । अर्को तर्फ नेकपाका शिर्ष नेताहरुको आफ्नो आफ्नो हिसाव कितावले पनि विवादलाई थप जटिलता तिर लगिरहेको छ ।

६ महिना अगाडी नै युवा संगठनहरु गुटको रक्षा गर्न लागेका थिए । सडकमा समेत दुई खेमामा बिभाजित भएको भान हुने गरी कार्यक्रम हुन थालिसकेको थियो । तर नेकपाका असल युवाहरुले भने नेतृत्व नै युवा पुस्तामा हस्तान्तरण गरेर जानुपर्ने तर्क राख्न थालेका थिए । त्यो बिषयले प्रधानमन्त्रीलाई समेत दवाव परेको कारण नेतृत्व छोडनुपर्दा युवा पुस्तालाई छोडछु भनेका थिए ।

विवादको अध्याय

कृष्ण बहादुर महरा काण्डमा अमेरिकी सिआईएको योजनामा सभामुखलाई फसाउन लागिरहेको सुचना प्रधानमन्त्रीले थाहा पाएको भएपनि त्यसको प्रतिरक्षामा नलागेको बुझाई अध्यक्ष प्रचण्डमा परेको थियो । निवर्तमान सभामुख महरालाई अभियोग लगाईए पछि सभामुख चयनमा नेकपाका वरिष्ठ नेता झलनाथ खनाल र प्रधानमन्त्री बीचमा समस्या पैदा भएको थियो । त्यस्तै अर्का वरिष्ठ नेता माधव नेपाल र प्रधानमन्त्रीमा पनि मन्त्री मण्डल हेरफेरमा समस्या भएको थियो ।

यसरी नेकपाका शिर्ष नेताहरु एकपछि अर्को गर्दै रुष्ट हुदै गईरहेका बेला अध्यक्ष प्रचण्ड लगायतले अर्का अध्यक्ष तथा प्रधानमन्त्री समेत रहेका केपी शर्मा ओलीले पार्टीले दिएका सुझाव, सल्लाह कुनै पनि कार्यन्वयन नगरेको र मनोपोली ढङगले चलेको आरोप लगाएर तत्कालै स्थायी कमिटी बैठक राख्न माग गरेका थिए । त्यसपछि अल्पमतमा देखिएका प्रधानमन्त्री लरखराउन थालिसकेका थिए । केपी शर्मा ओलिलाई महाधिवेशन जस्तो महत्वपुर्ण समयमा साथ दिएका नेकपाका उपाध्यक्ष बामदेव गौतमलाई मिलाउने आश्वसन दिएर बामदेव खेमाको बिश्वास जितेर तत्कालको संकट टारेका थिए । पार्टी भित्र हुने राष्ट्र बिरोधि कार्यलाई बिद्रोह गर्न आट गर्न सक्ने बामदेवले तत्काल केपी शर्मा ओलिलाई जोगाएका थिए ।

यता प्रचण्ड, बामदेव गौतम, माधन नेपाल, झलनाथ खनाल, शिर्ष नेताहरुले पार्टीभित्र बहुमतले स्थायी कमिटी, पोल्टी ब्युरो, केन्द्रीय कमिटीवाट पास गरेर केपी ओलीलाई सरकारवाट हटाउने निर्णयमा पुगिसकेका थिए । पार्टीले आधिकारिक निर्णय गर्न मात्र बाँकी ८ पृष्ठमा

# प्रेस काउन्सिलमा नयाँ कार्यबाहक अध्यक्ष

काठमाडौँ । प्रेस काउन्सिल नेपालका कार्यवाहक अध्यक्ष किशोर श्रेष्ठले पदबाट राजीनामा दिनुभएको छ । श्रेष्ठले काउन्सिलको स्वायत्तताको रक्षा र


कार्यवाहक अध्यक्ष गोपाल

निरन्तरताको निम्ति प्रेस काउन्सिल बोर्ड बैठकसमक्ष राजीनामापत्र बुझाउनुभएको हो । ३ वर्षअघि तत्कालिन अध्यक्ष भवानीप्रसाद बरालको नियुक्तिलाई विरूद्ध सर्वोच्च अदालतले रोक लगाएपछि रिक्त पदमा बोर्ड बैठकले श्रेष्ठलाई कार्यवाहक अध्यक्ष तोकेको थियो । २०६२/०६३ को आन्दोलनपश्चात प्रेस काउन्सिलको सदस्यका रूपमा नियुक्त श्रेष्ठलाई सरकारले पटक पटक नियुक्त गरेको थियो । कार्यवाहक अध्यक्ष पदबाट राजीनामा दिएपनि श्रेष्ठ काउन्सिल सदस्यको पदमा भने असोज १२ गतेसम्म रहनुहुनेछ । सदस्य र कार्यवाहक अध्यक्षका रूपमा भूमिका निर्वाह गरेको अवधि कठिनपूर्ण रहेको श्रेष्ठले राजीनामा पत्रमा उल्लेख गर्नुभएको छ, 'तीन वर्षदेखि पदीय हिसाबले कार्यकारी भूमिका निर्वाह गरेको अवधि तपाईं-हाम्रा निम्ति कठिन थियो' राजीनामापत्रमा भनिएको छ, 'प्रेस काउन्सिल मात्र होइन, समग्र पत्रकारिता जगत्को स्वतन्त्रताको जगेर्ना र हित प्रवर्द्धनमा सुरूदेखि नै सङ्घर्ष गर्दै आउनुपरेको क्षण अत्यन्तै रोमाञ्चक र चुनौतीपूर्ण रह्यो ।' कार्यवाहक अध्यक्ष श्रेष्ठले पदमा रहँदा सरकार र साथीहरूसँगै स्वायत्तताको निम्ति लडाइँ लड्नुपरेको बताउनुभएको छ । 'बीचका केही वर्ष आफनै साथी, सहकर्मी र नेपाल सरकारसँग संस्थाको स्वायत्तताको निम्ति कठोर लडाइँ लड्नुपरेको सर्वविदितै छ ।' बाँकी ८ पृष्ठमा

# असोज २० देखि दशैंको अग्रिम टिकट बुकिङ खोल्ने

काठमाडौं । यातायात व्यवस्था विभागले असोज २० गतेबाट सार्वजनिक सवारीमा दशैंको अग्रिम टिकट बुकिङ खुलाउन प्रस्ताव गरेको छ । यातायात व्यवसायीहरुसँग छलफल गर्दै विभागले असेज २०देखि २५सम्म अग्रिम टिकट बुकिङ खुला गर्न प्रस्ताव गरेको हो ।

विभागका प्रवक्ता लोकनाथ भुसालका अनुसार दशैंमा जतिसक्दो छिटो उपत्यका छाड्ने यात्रुका लागि अग्रिम टिकट बिक्री गर्ने व्यवस्था गर्न व्यवसायीलाई आग्रह गरिएको छ ।

विभागले यो वर्ष करिब ५ लाख व्यक्तिले दशैंका लागि उपत्यका छाड्ने अनुमान गरेको छ । गत वर्षका दशैंमा करिब २० लाखले उपत्यका छाड्ने गरेकोमा यो वर्ष यस्तो संख्या करिब ४ भागले कम हुने अनुमान विभागको छ ।

व्यवसायीको घुमाउरो असहमति

सरकारले गरेको प्रस्तावमा व्यवसायीहरुले घुमाउरो रुपमा असहमति प्रकट गरेका छन् । उनीहरुले यसबारे थप छलफल हुनुपर्ने भन्दै सार्वजनिक यातायात सञ्चालनका सम्बन्धमा सरकारले लिएको नीति पुनरावलोकन हुनुपर्ने माग अघि सारेका छन् ।

सरकारले सार्वजनिक सवारीमा ५० प्रतिशत बढी भाडा लिएर सिटमा ५० प्रतिशत मात्रै यात्रु राख्न पाउने नियम बनाएको छ ।

तर, व्यवसायीहरुले विमानको हकमा यस्तो नियम नभएको भन्दै बसलाई पनि सबै सिटमा यात्रु बोक्न दिनुपर्ने माग गरिरहेका छन् । दशैंको अग्रिम टिकट बुकिङ खुल्नुअघि नै यो माग सम्बोधन हुनुपर्ने अडान व्यवसायीको छ ।

सबै सिटमा यात्रु बोक्न दिनुपर्ने माग पुरा नभई अग्रिम टिकट बुकिङ गर्नुको अर्थ नरहेको कुरा विभागमा प्रष्टसँग राखेको नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका एक पदाधिकारीले बताए ।

उनका अनुसार विभाग यसबारे भौतिक पूर्वाधार मन्त्रालय र कोभिड( १९ संकट व्यवस्थापन केन्द्र ( सीसीएमसी)मा यसबारे जानकारी गराउने बताएको उनले बताए । यही बेला व्यवसायीले सरकारलाई पत्र नै लेखेर आधा सिटमा मात्रै यात्रु बोक्ने निर्णय सच्याउन माग गरेका छन् ।

त्यस्तै सरकारले समस्त हिन्दूहरुको महान पर्व दशैं तिहार नजिकिँदै गर्दा १३ स्थानमा सुपथमूल्य पसल सञ्चालनमा ल्याउने भएको छ । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिवको बिशेष उपस्थितिमा बसेको बैठकले उपत्यकाका विभिन्न १३ स्थानमा असोज १५ गतेदेखि सुपथमूल्य पसल सञ्चालन गर्ने बाँकी ८ पृष्ठमा

# एक अभियान्तको जोड घरभाडाको बिल मागनुपर्छ

सार्वजानिक सवारी साधन सुधार अभियान्त नामले चिनिने प्रेम बहादुर थापाको परिचय जो कसैलाई थाहा नहुन सक्छ । उनले २०६९ सालदेखि नेपालका सार्वजानिक यातायात प्रयोग गर्ने यात्रुहरुको लागि र सवारी साधन धनीहरुको हितमा अभियान नै चलाउदै आएका थिए ।

उनको माग नेपालका यातायात समितिहरुले समितिको नाममा बैकवाट ऋण निकालेर गडी किनेर आफै चलाउने श्रमजीवि वर्गहरुको गाडीवाट अनाआवश्यक रकम उठाएर आर्थिक भार पार्ने र यातायात समितिका नामवाट हुने अपारदर्शिताले अस्वस्थ प्रतिस्पर्धा हुदा त्यसको मार यात्रुहरुले ब्यहोर्नु परेको गाडी धनीहरुले ब्यहार्नु परेको भनि अभियाँन नै सञ्चालन गरेका थिए ।


त्यो अभियाँनले नेपालका यातायातको नाममा रहेका समितिहरु खारेज गर्न सरकारले निर्णय गरेकोमा प्रेम बहादुर थापा खुशी भएको बताउछन् ।

तर अहिले नेपालमा कोरोनाको नाम



जोडेर ५० प्रतिशत त्यो पनि नेपालीहरुको महान चाड वडा दशैको अवसर पारेर भाडा बृद्धि गरेकोमा नेपाल सरकार भौतिक पुर्वधार तथा यातायात ब्यवस्था मन्त्रालय प्रति आक्रोश पोखेका छन् । नेपालमा भाडा बृद्धि हुने बित्तिक्कै खाद्यन्न, लत्ताकबडा, देखि सवै क्षेत्रमा त्यसको असर पर्ने भएको हुनाले त्यो निर्णय सरकारले तुरुन्तै फिर्ता गर्न आग्रह गरेका छन् ।

उनले काठमाडौ उपत्यकामा वा अन्य शहरहरुमा भाडामा कोठा लिई बसोबास गर्ने मानिसहरुको बारेमा चिन्ता गर्दै प्रत्येक बर्ष भाडादर बढाउने घरबेटीहरुले भाडावालहरुलाई बिल नदिने र उसको भाडादर घरबेटीको मुखमा हुने हुनाले शहरमा काम गरेर खाने गरिबहरुलाई बाच्न कष्टकर बढ्दै गएको र सम्बन्धित निकायले कुनै मापदण्ड नबनाएको हुनाले केन्द्र देखि स्थानीय निकाय सम्मका सरकारले मापदण्ड बनाएर भाडादर तोक्नुपर्ने, कुन क्षेत्रमा भाडाका घरहरु बनाउने, कुन क्षेत्रमा अफिसका लागि घर बनाउने त्यसको निर्धारण गरिदिनुपर्छ भन्छन् । काठमाडौ उपत्यकामा पैशा भाडा मात्र लिने तर पानी, सरसफाई, बाँकी ८ पृष्ठमा



'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'- *मोहन कार्की*

## सम्पादकीय

# कष्टकर बन्दै गएको जनजीवनलाई पुनः फर्काउ

नेपालमा कोरोनाको संन्त्रासले लगाईएको लकडाउन, निशेधज्ञाको असरले नेपालको जनजीवन प्रभावित भएको छ । लामो समयको लकडाउनले जनजीवन प्रभावित भएर भोकले समेत मानिसहरु मर्न थालेपछि संक्रमणको संन्त्रास कायमै रहेपनि सरकारले निशेधज्ञा हटाएको पनि दुईसाता भईसकेको छ । तर जनजीवन सामान्य तर्फ फर्कन सकेको छैन ।

नेपालीहरुको मुख्य पर्व दशै(तिहार नजिकिदै जादा र किनमेलमा निस्कने मानिसहरु यस बर्ष निस्केका छैनन् । कोरोनावाट बच्नको लागि सुरक्षित स्थानमा गएकाहरु समेत आर्थिक अभावहरु झेल्दै यथास्थानमा बसिरहेका छन् । कुनै एक ठाउँवाट अर्को ठाउँ जानको लागि सार्वजानिक यातायातमा बढाईएको ५० प्रतिशत भाडाले पनि कतिपय मानिसहरु आर्थिक अभावको बेला महगो भाडा तिरेर आवत जावत गर्नु भन्दा त यथास्थानमा बस्ने र त्यो महगो यातायात भाडा तिर्ने पैशाले दशै मनाउन पुग्ने तर्फ सोच्न थालेका छन् ।

यस्तो निर्णय गर्नुपर्ने आम नागरिहरुको रहर नभएर बाध्यता हो । किनकि लकडाउनको अवस्थावाट भरखरै सार्वजानिक यातायत चलाउन सुरक्षा अपनाएको थियो । त्यो सुरक्षा भरपर्दो जस्तो थिएन । ५० प्रतिशत भाडा बृद्ध गरेर चलाउदा यातायातले दिनुपर्ने सुविधा केही पनि देखिएको थिएन । र कुनै यातायात खाली (खाली कुदिरहेका हुन्थे भने कुनै खचा खच नै हुन्थे त्यसकारण त्यो सरकारले गरेको निर्णयले कुनै अर्थ राखेन ।

अहिले पनि बालाजु बसपार्क, रत्नपार्क पुरानो बसपार्क काठमाडौ आवत जावत गर्ने मुख्य नाकाहरु जस्तै कंलकी, कोटेश्वरमा हेर्न गयौ भने खासै मानिसहरुको भीड देखिदैन किनकि कारण एकातिर कोरोनाको संन्त्रास अर्को तिर यातायातको ५० प्रतिशत भाडा बृद्धले मानिसहरुमा निराशा छाएको छ ।

नेपालमा सवैभन्दा आर्थिक चलायमानको ८० प्रतिशत दशै तिहार बीचको १ महिनामा हुने गर्ने गरेको थियो । यस बर्ष त्यस्तो हुने सम्भावना छैन । नेपालमा आ□नो उत्पादन खासै छैनन् लकडाउनका कारण छिमेकी मुलुक भारत र चीनवाट लत्ता कबडा, सजावटका सामग्री, लगायत सवै आयात गरेर नै नेपालीहरुले ब्यापार ब्यवसाय गर्दै आएका छन् । त्यसकारण पनि सामानहरु समयमा नै आईनपुग्दा याहा सामानहरुको मुल्य पनि महगो भएको हुनाले मानिसहरुले यसबर्षको दशै (तिहारमा किनमेलमा ध्यान दिएका छैनन् ।

एकातिर भने अर्को तर्फ काठमाडौ उपत्यकामा बसोबास गर्ने वा शहरहरुमा गएर ज्याला मजदुरी गरीखाने बर्गहरुमा झनै समस्या बढिरहेको छ । लकडाउन खुल्ला भएपनि कतै कामहरु सञ्चालन हुन नसक्दा ति मजदुरहरुको आम्दानी गर्न नसक्दा दैनिकी जिवन समेत कठिनाई बन्दै गएको छ । स(सना ब्यवसाय गर्दै आएका परिवारहरुको पनि अवस्था बिर्गदो छ । मानिसहरुमा निराशा बढीरहेको छ ।

यो सवै वातावरण हेर्दा अव समाजलाई बिश्वासिलो आत्मबल बलियो बनाउन सरकारले कार्यक्रमहरु ल्याउनु पर्छ ताकी मानिसहरु उत्साहका साथ पुनः जागृत हुन र सवै क्षेत्रका मानिसहरु पुनः पहिलाकै अवस्थामा फर्केर काम गरुण ।

त्यस्तो अवस्था आजको भोलि भईहाल्ने देखिदैन । किनकि काठमाडौ उपत्यकामा घर भाडामा, सटर भाडामा लिएर ब्यवसाय चलाएका ब्यवसायीहरुले लामो समय पसल, होटल, कम्पनी बन्द गर्नुपर्दा ७ महिना सम्म आम्दानी गरेका छैनन् । तर काठमाडौ उपत्यका लगायत शहरमा बसोबास गर्दै आईरहेका घरवालहरुले भाडा भने माग्दै आएका छन् । यो समस्या निक्कै बढ्ने देखिन्छ । किनकि भाडा तिर्न नसक्ने अवस्थामा पुगेका ब्यापारीहरुले भएको सामान पनि भाडा नतिरी निकाल घरबेटीहरुले नदिने र त्यही राखिरहदा समानहरु सड्ने भाडा झनै थपिदै जाने घरबेटीको भाडा पनि नआउने समस्याले उग्र रुप नलेला भन्न सकिदैन । त्यसकारण बेलैमा सरकारले काठमाडौ उपत्यकाको बिकराल बन्दै गएको अवस्थालाई सहज बनाउन अग्रसरता देखाउनु पर्ने देखिन्छ ।

# सूचना तथा प्रसारण विभागका सेवा र व्यवस्थापन

**किरणराज शर्मा**

नेपाल सरकारले आम सञ्चार क्षेत्रलाई मर्यादित र व्यावसायिक बनाई स्थिरता, स्थायित्व र विकासमा सञ्चार जगत्को योगदान प्रवर्द्धन गर्न कानुनी र संस्थागत सुधार गर्ने, पत्रकार दुर्घटना बिमा र पत्रकार वृत्तिकोषलाई सञ्चारकर्मीको हितमा परिचालन गर्ने नेपाल सरकारको आर्थिक वर्ष २०७७–७८ को नीति तथा कार्यक्रममा उल्लेख गरेको छ । त्यस्तै, नेपाल सरकारले पत्रकारिता क्षेत्रको व्यावसायिकता अभिवृद्धि गर्न क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने, सूचना प्रविधिमा आधारित सञ्चारमाध्यमलाई प्रवर्द्धन गर्न सार्वजनिक सरोकार र लोक कल्याणकारी विज्ञापन अनलाइनबाट समेत प्रसारण गर्ने विषयमा आर्थिक वर्ष २०७७/७८ को बजेट वक्तव्यमा उल्लेख गरेको छ । सेवाप्रवाह लगायतका विषयमा ऐन, नियमावली, निर्देशिका र कार्यविधिमा थुप्रै विषय उल्लेख छन् । यसतर्फ यहाँ अन्य विषयमा चर्चा नगरी सेवाप्रवाहको विषयमा मात्र केन्द्रित गर्ने जमर्को गरेको छु ।

सूचना तथा प्रसारण विभागलाई कानुन र मन्त्रालयले दिएको अख्तियारीबमोजिम प्रशासन तथा प्रेस शाखाले छापाखाना तथा प्रकाशन सम्बन्धी ऐन, २०४८ र नियमावली, २०४९ तथा प्रेस प्रतिनिधि (प्रमाणपत्र तथा परिचयपत्र) वितरण कार्यविधि, २०७१ बमोजिम प्रेस प्रतिनिधि प्रमाणपत्र, परिचयपत्र जारी तथा नवीकरण लगायतको सेवाप्रवाह, अनलाइन सञ्चारमाध्यम निर्देशिका, २०७३ बमोजिम अनलाइन सञ्चारमाध्यम दर्ता तथा नवीकरण, छापाखाना तथा प्रकाशन सम्बन्धी ऐन, २०४८ र नियमावली २०४९ बमोजिम पत्रपत्रिका तथा पत्रकारको अभिलेख व्यवस्थापन, सूचनाको हकसम्बन्धी ऐन, २०६४ राष्ट्रिय प्रसारण ऐन, २०४९, प्रेस काउन्सिल ऐन, २०४८ बमोजिम सार्वजनिक सूचना व्यवस्थापन र वितरण, श्रमजीवी पत्रकारसम्बन्धी ऐन, २०५१, श्रमजीवी पत्रकारसम्बन्धी नियमावली २०५३, प्रेस रजिस्ट्रारले उजुरीउपरका कारबाही तथा विवाद समाधान गर्दा अपनाउने कार्यविधि, २०७१ बमोजिम प्रेस रजिस्ट्रारको कार्यजिम्मेवारी सम्पादन, जस्तै : श्रमजीवी पत्रकारहरूका पेसागत समस्या, मुद्दाहरूको सुनुवाइजस्ता कार्य, र लोककल्याणकारी विज्ञापन प्रकाशन, प्रसारण र रकम भुक्तानी गर्ने कार्यविधि, २०७४ बमोजिम लोकल्याणकारी विज्ञापनको उत्पादन, वितरण र सोको भुक्तानीजस्ता कार्य हुँदै आएका छन् ।

प्रकाशन तथा फोटोग्राफी शाखामार्फत राष्ट्रिय सञ्चार नीति, २०४९ बमोजिम सरकारी कार्यक्रमको औपचारिक फोटोग्राफी, संग्रह र वितरण गर्ने, सूचनामूलक तथा ज्ञानवर्द्धक सामग्री जस्तैः नेपाल परिचय, नेपाल द्वैमासिक, विविधतामा एकता फोटो पुस्तक, नेपाल सरकारको आधिकारिक क्यालेन्डर र शुभकाना डायरी प्रकाशन तथा वितरण हुँदै आएको छ ।

प्रसारण शाखाबाट रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ बमोजिम रेडियो यन्त्रको लाइसेन्स जारी, नवीकरण, हक हस्तान्तरण तथा लगत कट्टा गर्ने, रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ बमोजिम रेडियो यन्त्रको स्थलगत प्राविधिक निरीक्षण गरी स्वीकृत मापदण्ड बमोजिम सञ्चालन गरे वा नगरेको एकिन गर्ने, राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम प्रसारण संस्थालाई इजाजतपत्र र अनुमतिपत्र जारी गर्ने, नवीकरण गर्ने, प्रसारण अवधि थप गर्ने तथा अनुमतिपत्रको विवरण बदल्ने, राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम डिजिटल प्रणालीमा परिवर्तन गर्न स्वीकृति दिने, राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम भूउपग्रह प्रसार केन्द्रको स्थापना गरी वा स्याटेलाइट वितरण प्रणालीको माध्यमबाट कार्यक्रम प्रसारण गर्न, कार्यक्रम डाउनलिंक गर्न तथा सिग्नल वितरणका लागि अनुमतिपत्र जारी गर्ने, राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम इजाजतपत्र वा अनुमतिपत्रको प्रतिलिपि प्रदान, राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम निरीक्षण तथा छानबिन गर्ने, रेडियो सञ्चार ( लाइसेन्स) नियमावली, २०४९ बमोजिम एमेच्योर रेडियोको लाइसेन्स जारी गर्ने, रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ बमोजिम स्याटेलाइट कम्युनिकेसन सिस्टमको लाइसेन्स जारी गर्ने, सञ्चार तथा सूचना प्रविधि मन्त्रलयबाट प्रत्यायोजित अधिकार बमोजिम कुनै पनि रेडियो उपकरण विदेशबाट आयात गर्नका लागि विभागले वाणिज्य तथा उपभोक्ता संरक्षण विभागमा सिफारिस गर्ने, राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम इजाजतपत्र वा अनुमतिपत्र प्राप्त व्यक्ति वा संगठित संस्थाले प्रसारण प्रारम्भ गर्ने अवधि थप गर्ने, राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम विदेशी प्रसारण संस्था वा सञ्चार माध्यमलाई प्रसारण समय उपलब्ध गराउनेसम्बन्धी कार्य गर्ने, राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम विज्ञापन प्रसारण गर्न समय उपलब्ध गराउनेसम्बन्धी कार्य गर्ने, राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम विदेशी मुद्रा विनिमय सुविधा सिफारिसका लागि मन्त्रालयमा सिफारिस गर्ने कार्य गर्दछ ।

उपर्युक्त सेवाप्रवाह गर्ने सन्दर्भमा सेवाप्रवाहलाई व्यवस्थित, पारदर्शी, सहज र अनुमानयोग्य बनाउन हालै भएका प्रमुख केही सुधारको चर्चा गर्न चाहन्छु । हाल कोभिड– १९ को माहामारीले आक्रान्त भएको समयमा, उपलब्ध न्यूनतम जनशक्ति र प्रविधिको उच्चतम प्रयोग गरी विभागले सेवाप्रवाहलाई अनुमानयोग्य र पारदर्शी बनाउन प्रवाह हुने सम्पूर्ण सेवाहरू र सोका लागि चाहिने सम्बन्धित कानुनले निर्दिष्ट गरेको कागजातहरूको विवरण खुल्ने 'चेक लिस्ट' विभागको वेबसाइटमा राखिएको छ । जसबाट सेवाग्राहीले घरैमा बसीबसी सेवा प्राप्तिका लागि चाहिने आवश्यक न्यूनतम डकुमेन्टको बारेमा सहजै थाहा पाउन सक्छन् र उक्त कागजात पेस गरेपश्चात् सहज र समयमै सेवा उपलब्ध हुन्छ ।

जोखिमको समयमा सेवाप्रवाहलाई निरन्तरता दिन, सेवाग्राही र सेवा प्रदायक दुवैतर्फ विद्यमान जोखिम कम होस् भन्ने उद्देश्यले तोकिएको फोनबाटै एक सातासम्मका लागि सेवा माग गर्न सेवाग्राहीको नाम टिप्ने–टिपाउने गरी सेवा प्रवाहमा कोटा प्रणाली लागू गरिएको छ । जसबाट एकै ठाँउमा भिड हुन नदिने, कोभिड– १९ को संक्रमण थप बढ्न नदिने र सेवा लिँदा समय धेरै नलाग्ने गरी निश्चित समय सेवाग्राहीलाई उपलब्ध गराउने गरी समय व्यवस्थापन गरिएको छ । यसबाट सेवाग्राहीलाई धेरै समय विभागमा बिताउन नपर्ने अवस्था हुन्छ । यस्तै, बारम्बार सोधिने प्रश्न र तीनको प्रश्न साथै कार्य सम्पादन गरिरहेको ढाँचा प्रक्रिया र उत्तर विभागको वेबसाइटमा राखिएको छ । जसबाट सेवाग्राहीलाई केही अस्पष्ट विषयमा स्पष्ट हुन सहज हुन्छ । सेवाग्राहीलाई धेरै हदसम्म सेवा प्रवाहको जानकारी मात्र हैन सेवाको बारेमा धेरै पक्ष थाहा हुने हुन्छ । एकद्वार प्रणालीलाई जोड दिन भुइँतलाबाट नै सम्पूर्ण सेवा दिनेसमेत व्यवस्थापन गरिएको छ ।

सेवाप्रवाहलाई व्यवस्थित गर्न प्रेस प्रतिनिधि परिचयपत्र नवीकरण गर्ने र नयाँ प्रमाणपत्र जारी गर्नका लागि आवश्यक कागजातसहितको विवरण संलग्न गरी विभागमा पठाउने व्यवस्था गर्ने गरी सातवटै प्रदेश मुकाम भएका हुलाक निर्देशनालय र हुलाक कार्यालयहरूलाई (मन्त्रिस्तरीय) निर्णय अनुरूप अधिकार प्रत्यायोजन भएको छ र थप जिल्ला हुलाक कार्यालयहरू लाई अधिकार प्रत्यायोजन गर्ने सन्दर्भमा विभागले अवधारणा तयार गरेको छ । यसबाट जिल्लामा नै सेवाप्रवाह हुने र सेवाग्राहीलाई लागत न्यून पर्ने र सहज तवरले घरको नजिकबाट सेवा प्राप्ति हुनेछ भने हालको कोभिड(१९ मा सेवा लिन एकै ठाउँमा भिडभाड नहुने र संक्रमणमा थप नहुनेतर्फ पनि यसले फाइदा पुग्ने देखिन्छ । विभागका निर्देशक तथा मातहतका शाखा अधिकृतसँग समेत चालू आवमा कार्य सम्पादन सम्झौता भएको छ । यसबाट नतिजा प्राप्त भई विभागको कार्यसम्पादनमा टिमवर्क बढ्ने अपेक्षा छ । संघीयता अनुरूप कार्य प्रणालीको व्यवस्थापन गर्ने सन्दर्भमा लागि बागमती प्रदेश तथा प्रदेश १ लाई प्रादेशिक कानुनी व्यवस्था अनुरूप १ सय वाटभन्दा माथि १ हजार वाटसम्मको फ्रिक्वेन्सी( मोडुलेसन (एफएम) प्रसारणसम्बन्धी फाइलहरू तथा केबुल टेलिभिजन सम्बन्धी फाइल हस्तान्तरण गर्ने कार्यसमेत सम्पादन हुँदै आएको छ ।

कोरोनाको माहामारीको समयमा सम्पूर्ण सञ्चारगृह तथा सञ्चारकर्मीलाई नेपाल सरकारका औपचारिक कार्यक्रममा पहुँच नभएको बखत नेपाल सरकारको आधिकारिक फोटोग्राफरको हैसियतले सूचना प्रसारण विभागले सरोकारवाला राष्ट्रिय तथा अन्तराष्ट्रिय सञ्चारगृह, सञ्चारमाध्यम तथा माग गर्ने सबैलाई समयमा नै रीतपूर्वक आधिकारिक फोटो उपलब्ध गराउने व्यवस्था गरिएको छ । यस्तै, विभागको नियमन र अनुगमन कार्यका लागि र अनलाइन सेवाप्रवाह यथाशीघ्र गर्ने तयारीका लागि विद्युत् आपूर्तिको क्षमता विस्तार आवश्यक पर्ने हुन्छ । सञ्चारग्रामको विद्युत् आपूर्तिको अवस्था २५ केभीए मात्र क्षमता भएको कारण समग्र सञ्चारग्रामको काममा कठिनाइ भएको थियो । त्यस सम्बन्धमा विभागले ऊर्जा मन्त्रालय र नेपाल विद्युत् प्राधिकरणसँग पटकपटक अनुरोध, पत्राचार र समन्वय गरी हाल १ सय केभीए विद्युत् आपूर्ति हुनेगरी संस्थागत सुदृढीकरण गर्ने कार्य भएको छ ।

अन्त्यमा, नेपाल सरकारको नीति, निर्णय र कानुन कार्यान्वयन गर्ने, जोखिमको समयमा पनि सेवाप्रवाहलाई निरन्तरता दिई सेवाग्राही र सेवा प्रदायक दुवैतर्फ विद्यमान जोखिम कम हुनेगरी सेवा सुचारू गर्ने तयारी गरिएको छ । सेवाप्रवाहमा प्रविधिको उच्च प्रयोग गरिएको र स□टवेयर निर्माण तथा अपडेट गर्नेजस्ता कार्यलाई उच्च प्राथमिकता दिइएको छ । विभागले कोभिड(१९ माहामारीका बाबजुद उपलब्ध न्यूनतम जनशक्ति मार्फत सेवाप्रवाहलाई चुस्तदुरूस्त राख्न हर सम्भव प्रयास गरेको छ । विभागसँग सम्बन्धित ऐन, नियमावली, निर्देशिका, कार्यविधि र नेपाल सरकारका निर्णय एवं परिपत्र अनुरूप सेवाप्रवाह नभएमा सेवाग्राहीले गुनासो गर्न पाउने व्यवस्था छ र विभाग स्वयंले स्वच्छतापूर्वक गुनासोको समाधान गर्दछ । सेवाग्राहीले पनि कानुनी व्यवस्था, प्रक्रिया र प्रावधान अनुरूप सेवा माग गर्नुपर्ने हुन्छ । यी सबै कार्यबाट सेवाग्राही र सेवा प्रदायक दुवैको स्वयं परीक्षण हुने र सन्तुष्टि पनि प्राप्त हुने विश्वास छ ।

(लेखक सूचना तथा प्रसारण विभागका महानिर्देशक हुन् ।)

राजधानी दैनिक

# ७८ दलले बुझाएनन् खर्च विवरण, साझा पनि चुक्यो

काठमाडौं । निर्वाचन आयोगमा दर्ता भएका १३२ मध्ये ७८ दलले आर्थिक वर्ष २०७५र०७६ को आयव्यय विवरण निर्धारित समयभित्र आयोगलाई नबुझाएको भेटिएको छ । आर्थिक पारदर्शिता र जवाफदेहिताको वकालत गर्ने साझा पार्टीसमेत समयमा विवरण बुझाउन चुकेको छ । राजनीतिक दलसम्बन्धी ऐनअनुसार आर्थिक वर्ष सम्पन्न भएको ६ महिनाभित्र आयव्यय विवरण आयोगमा बुझाउनुपर्छ । आयोगमा बुझाएको विवरण एक महिनापछि जनतामाझ सार्वजनिक गर्नुपर्ने व्यवस्था ऐनमा गरिएको छ । तर, अहिलेसम्म ५४ वटा दलले मात्रै विवरण बुझाएको निर्वाचन आयोगको रेकर्डमा देखिन्छ । आयोगका उपन्यायधिवक्ता रुद्र प्रसाद सुवेदीले सबै दलहरुलाई समयमा आयव्यय विवरण बुझाउन ताकेता गरिएको बताए । आव २०७५-७६ को विवरण अहिलेसम्म नबुझाउने दलहरुलाई आयोगले स्मरणपत्र समेत पठाएको उनले जानकारी दिए । संघीय संसदमा प्रतिनिधित्व गर्ने नेपाल कम्युनिस्ट पार्टी (नेकपा), नेपाली कांग्रेस, जनता समाजवादी पार्टी लगायतका ठूला दलले भने आव ०७५-७६ को आयव्यय विवरण समयमै बुझाएका छन् । तर, अघिल्लो आव ०७६-०७७ को विवरण भने कुनै पनि राजनीतिक दलले बुझाएका छैनन् । 'गत आर्थिक वर्षको विवरण बुझाउने समय ५ महिना बाँकी नै छ, त्यतिञ्जेलमा आउला,' उपन्यायधिवक्ता सुवेदीले भने ।

निर्वाचन आयोगले उपलब्ध गराएको आयव्यय विवरण बुझाउने ५४ दलको सूचीमा रवीन्द्र मिश्र नेतृत्वको साझा पार्टी छैन । साझा पार्टीले भने निर्वाचन प्रयोजनका लागि बुझाएको विवरणमै आय व्यय विवरण पनि समावेश भएको दावी गरेको छ । साझा पार्टीका सहप्रवक्ता शरदराज पाठकले भने, 'निर्वाचन प्रयोजनका लागि पहिले नै बुझाएका थियौं, त्यसैले हुन्छ होला भनेर बसियो । तर, आयोगले रेकर्डमा राखेको रहेनछ ।'

नबुझाए के हुन्छ ?

तीन वर्षसम्म लगातार आयव्यय विवरण नबुझाए ५० हजार रुपैयाँसम्म जरिवाना हुने कानूनी व्यवस्था छ । यसको अलावा आगामी निर्वाचनमा भाग लिन नपाउने गरी आयोगले कारबाही पनि गर्न सक्छ । तर, हालसम्म विवरण नबुझाएकै कारण निर्वाचनमा भाग लिनबाट बञ्चित गरेको उदाहरण छैन ।

आयोगले समयमा विवरण नबुझाउने दललाई पत्र लेखेर ताकेता गर्ने गरेको छ । पछिल्लो पटक आयोगले गत साउन २५ गते दलहरुलाई पत्र लेखेर भनेको छ, 'दलबाट लेखा परीक्षण प्रतिवेदन नबुझाएको भए आर्थिक वर्ष ०७५-०७६ को भदौ मसान्तसम्म र आर्थिक वर्ष ०७६-०७७ को माघ मसान्तसम्म आयोगमा बुझाउने व्यवस्था मिलाउन निर्देशानुसार अनुरोध छ ।' आयोगले लगातार तीन वर्षसम्म आयव्यय विवरण नबुझाए ठोस कारबाही गर्ने कानुनी व्यवस्थाको गृहकार्यमा जुटेको आयोगका प्रवक्ता राजकुमार श्रेष्ठले जानकारी दिए । आगामी

बाँकी ८ पृष्ठमा

# किन हामीले राजदूत या विश्वविद्यालयमा भागबण्डा खोज्ने ?

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका केन्द्रीय सदस्य डा. शेखर कोइरालाले पार्टीभित्र हुने बहस र छलफलको विषयलाई विवाद भयो भनेर भन्न नहुने टिप्पणी गरेका छन् । कोइरालाले आफूहरूले समयमै पार्टीको महाअधिवेशन हुनुपर्ने माग राख्दै आएको स्पष्ट पारे । नेपाली रेडियो नेटवर्कबाट प्रसारण भएको नेपाली बहस कार्यक्रममा पत्रकार ऋषि धमलासँग कुरा गर्दै उनले पार्टी महाधिवेशनको मुखमा हुँदाखेरि सभापति शेरबहादुर देउवाले विभाग गठन गरेको र क्रियाशील सदस्यता वितरण गरेकोले ववाद भएको भएपनि त्यो ठुलो कुरा नभएको जिकिर गरे । उनले पार्टी सभापतिले प्रधानमन्त्रीसँग भेट्नु नराम्रो नभएपनि भागबण्डाको लागि भेट्न गलत भएको बताएका छन् । प्रस्तुत छ नेता कोइरालासँग पत्रकार धमलाले गरेको कुराकानीको सम्पादित अंश :

**नेपाली कांग्रेस पार्टीभित्र किन यस्तो अहिले भद्रगोल भयो ? भन्नुहोस् त । के कारणले ? जताततै विवाद छ नि ? नेताहरू अन्तरद्वन्द्वमा छन् ?**

– होइन, विवाद होइन । पार्टीभित्र यस्ता कुराहरु भईरहन्छन् । यसलाई विवाद भन्नुभएन ।

**पार्टी सभापतिको विरूद्धमा तपाईंहरुले ज्ञापनपत्र नै बुझाउनुपर्ने, विरोधपत्र नै दर्ता गराउनुपर्ने कारण के त अहिले ?**

पार्टी नेतृत्वले कुरा सुन्नुपर्छ । महाधिवेशनको मुखमा छौं हामी । महाधिवेशनको मुखमा हुँदाखेरि उहाँले विभाग बनाउँदै हुनुहुन्छ । क्रियाशील सदस्यता वितरण गर्दै हुनुहुन्छ । विवाद त भईहाल्छ नि, त्यो ठुलो कुरा त होइन ।

**पार्टी सभापतिले विभाग गठन गर्दा तपाईंहरूलाई के आपत्ति ? भन्नुहोस् त, अहिलेको अवस्थामा ।**

मलाई त कुनैपनि आपत्ति छैन । मलाई एउटै आपत्ति छ, फागुन ७ गते पदाधिकारीहरुको बैठकले ल्याएको हो, मैले ल्याएको होइन । कुनै पनि सदस्यलाई सोधेर ल्याईएको होइन । मलाई केही आपत्ति छैन, जे कुराको पनि ।

**महाधिवेशनतिर नलागेर किन तपाईंहरु विभाग गठनलाई लिएर किन विवाद गर्दै हुनुहुन्छ ?**

जिम्मेवारी कसले लिने समायोजनको ? केन्द्रिय सदस्यहरुले नोमिनेट गर्नुहुन्छ, अनि क्रियाशील वितरण गरिदिनुहुन्छ । कति दिने ? उहाँहरु आँफै डिसिजन गर्नुहुन्छ । त्यसको केही मापदण्ड छैन ? एकजना मान्छेलाई ल्याउने, उहाँकै जिल्लाको एकजनालाई ल्याउनुभयो । आमन्त्रित केन्द्रिय सदस्य बनाउनुभयो । कुन आधारमा दिनुभयो ? तपाईंहरुले नै थाहा पाउनुहुन्छ, उहाँले कति गलत काम गर्नुभएको छ भनेर ।

**होइन पार्टी सभापति शेरबहादुर देउवाले कहाँ कहाँ र कसरी गलत गरिरहनुभएको छ ? बताउनुहोस त ?**

– मलाई अधिवेशन चाहिएको छ । मलाई कुनै किसिमको जस्टिफाई गर्नु छैन, उहाँले सही गर्नुभयो या गलत गर्नुभयो भनेर । मलाई चाहिएको छ, नेपाली कांग्रेसको अधिवेशन । फागुनमा गर्छौं भनेर उहाँहरुले नै ल्याउनुभएको हो । अब फागुनमा हुँदैन भनेर उहाँहरुकै साथीहरुले भन्दै हुनुहुन्छ । अब त्यसपछि भदौमा जाला । नेपाली कांग्रेसको अस्तित्व समाप्त नहोस् । मेरो केही चाहना छैन् ।

**अहिले त महाधिवेशन हुन सक्दैन नि त फागुनमा, धेरै चुनौती र अप्ठ्यारा छन् नि ?**

– होइन त्यसो भए किन ल्याएको ? कसले ल्यायो त महाधिवेशनको मिति ? पदाधिकारीहरु बसेर ल्याएको होइन ? पूर्व पदाधिकारीहरू बसेर ल्याईएको होईन ? हामीहरूलाई त सुनाईएको हो, फागुन ७ गतेदेखि महाधिवेशन सुरू गर्छौं भनेर, केन्द्रिय समितिका सदस्यहरुले । किन ल्याउनुभयो त पदाधिकारी र पूर्वपदाधिकारीहरु बसेर ?

**तपाईहरू पार्टी सभापति शेरबहादुर देउवाको विरूद्धमा दबाबमूलक कार्यक्रम गर्दै हुनुहुन्छ ? अहिलेको अवस्थामा यो कार्यक्रम गर्नु उचित हो र ?**

– हेर्नुहोस, पार्टीभित्र उचित/अनुचित त्यो सेन्ट्रल कमिटीमा छलफल गरेर गर्ने कुरा हो । यो पार्टीभित्रको आन्तरिक विषय हो । यसमा तपाईंहरूले किन धेरै चिन्ता लिनुभएको छ ? हामीले कसैको विरूद्धमा हस्ताक्षर गरेको होईन नि । यो त एउटै पार्टी हो नि । वादविवाद, छलफल र सम्वाद हुन्छ । तर, अधिवेशन हुनुपर्छ । अधिवेशन भएन भने समस्या हुन्छ । अधिवेशनको विषयमा पनि तपाईंलाई एउटा कुरा सुनाउँ । नेपाली कांग्रेसले एउटा विज्ञप्ती निकाल्यो कि कोरोनाको कारणले हाम्रो अधिवेशन समयमै हुन सकेन भनेर । अप्ठ्यारो छ, गाह्रो छ भनेर भन्यो । थाहा छ होईन तपाईंलाई ? एक हप्ता पहिले निजामती कर्मचारीहरूको आधिकारिक ट्रेड युनियन युनियनको अधिवेशन कोरोनाको कारण हुन सक्दैन भनेर सरकारले भन्यो । सरकारले मंसिर २७ गते निर्वाचन गर्न भनेको छ। तर, कांग्रेसले ट्रेड युनियनको निर्वाचन चाँडो गर भनेको छ । आफ्नो पार्टीको महाधिवेशन गर्न कोरोना देखाउने, अनि ट्रेड युनियनको निर्वाचन चाहीं चाँडो गर भन्ने ? हो, यस्ता–यस्ता कुराहरूले मान्छेलाई चित्त दुख्छ ।

**त्यसो भए नेतृत्व अहिले चुकेको छ ? असफल भयो भन्ने तपाईंको निश्कर्ष हो ?**

होईन, होईन । म असफल भयो भनेरपनि भन्दिनँ । चुकेको पनि भन्दिनँ । म के भन्दैछु भने हामी कहाँ जान खोज्दैछौं ? तपाईं संवैधानिक परिषदमा छलफल गराउनु हुन्छ । दिनदिनै प्रधानमन्त्रीजीकहाँ सभापतिजी जानुहुन्छ । विपक्षी दलको नेता जानुपर्छ । त्यो ठिक छ । तर, उपसभामुख किन बनाएन ? भनेर नेपाली कांग्रेसले कहिल्यै प्रश्न गर्यो ? किन गर्दैन् ? सभामुख नभईकन संवैधानिक परिषद बस्नुहुन्छ ? उपसभामुख संवैधानिक परिषदको सदस्य होईन ? यस्तोले के गर्छ भने नेपाली कांग्रेस चुक्दै जान्छ । प्रतिपक्षी दलको भूमिका कमजोर भन्नुहुन्छ नि, हो यस्ता कुराले कमजो भएको हो । किन हामीले राजदूत या विश्वविद्यालयमा भागबण्डा खोज्ने ? राम्रा मान्छे ल्याउन भनेर भन्ने नि ।

**होईन, भागबण्डामा नै हाम्रो देशमा नियुक्तीहरू भैरहेका छन् नि ?**

हो । नेपाली कांग्रेसमात्रै होईन, देशै बिग्रिएको त्यही कारणले हो नि । उपकुलपतिको नियुक्तीको कुरामा पनि भागबण्डा होईन, राम्रा मान्छे जो रिसर्च गरेका छन्, हो उनीहरूलाई राख्नुहोस भनेर भन्नुहोस न । प्रतिपक्षीको भूमिकामा भागबण्डामा जानुहुँदैन् । यसो गर्दा पार्टी कमजोर हुन्छ । संवैधानिक आयोग त पूर्वसचिवहरूको क्लब बन्ने भयो । मैले त आर्टिकल नै लेखिसकेको छु । नेपालमा पूर्वसचिव बाहेक अरू राम्रा मान्छे छैनन् ?

**काँग्रेसले प्रभावकारी भूमिका खेल्न सकेन नि ?**

हो, पार्टीले प्रभावकारी भूमिका खेल्नुपर्छ । मेरो चिन्ता यही नै हो नि ।

**शेरबहादुर देउवाको पक्षमा कृष्णप्रसाद सिटौला पनि जाने हुनुभयो नि ? तपाईंहरूलाई साथ नदिने निष्कर्षमा उहाँले आफुलाई उभ्याउनुभयो ?**

को कहाँ जानुहुन्छ, अहिले त कतै जानुस् न । १४औं महाधिवेशनमा कृष्णजी शेरबहादुरतिर जानुहुन्छ कि ? रामचन्द्रजीतिर जानुहुन्छ कि ? आँफै उठ्नुहुन्छ कि ? अहिले सिटौलाजीको मात्र किन कुरा गर्ने ? अरूहरूको पनि कुरा गर्नुहोस । को कहाँ हुनुहुन्छ, अहिले केही भन्न सक्ने अवस्थामा छैन । नेपाली कांग्रेसलाई एउटै कुरा म भन्छु, मनपरीतन्त्रको विरूद्धमा हामीहरु एक हौं, हातेमालो गरौं । अरु उपाय छैन । उहाँहरु सम्मानित व्यक्तित्वहरु हुनुहुन्छ, सम्मान दिनुपर्छ, हामीहरुले ।

**सिटौलाजीले भन्नुभएको छ– मेरो छुट्टै धारणा आउँदैछ । म छुट्टै विचार लिएर जान्छु भनेर । तपाईंले यसलाई कसरी लिनुभएको छ ?**

छुट्टै धारणा, भईगयो त, भन्नुभयो, मेरो छुट्टै धारणा आउँछ भने चिन्ता किन गर्ने मैले ? मेरो केही चिन्ता छैन । उहाँ बेग्लै गर्नुहुन्छ कि ? उहाँ रामचन्द्रजीसँग लाग्नुहुन्छ कि ? उहाँ शेरबहादुरसँग लाग्नुहुन्छ कि ? विमलेन्द्रजीसँग लाग्नुहुन्छ कि ? जता लागे पनि छुट्टै पनि बनाउन सक्नुहुन्छ । के फरक पर्छ, यसले ? उहाँले १३औं अधिवेशनमा कसलाई सपोर्ट गराउनुभयो ? पार्टीमा गुट, उपगुट सबै छ । सिटौलाजीहरूलाई सिग्नेचर गर्न मन लागेन गर्नुभएन ।

**बरिष्ठ नेता रामचन्द्र पौडेलले सिटौलाको साथ पाउन सक्नुभएन नि ?**

उहाँले साथ पाउनुभएन त मैले के गरौं ? म त उहाँहरूसँग सति जान सक्दिनँ । मैले के गरौं ? सिटौलाजीले को सँग सहकार्य गर्नुहुन्छ ? गर्न दिनुहोस न । के फरक पर्छ ? पार्टी हो । नेपाली कांग्रेसभित्र यो लडाई चलिरन्छ । जबसम्म नेपाली कांग्रेस रहन्छ, यस्ता लडाईंहरू चलिहरन्छन् । कसैलाई गुट बनाउन मजा लाग्छ भने गुट बनाएर भए हुन्छ ।

**महाधिवेशन सार्ने पक्षमा सिटौला हुनुहुन्छ । शेरबहादुरको प्रस्तावलाई उहाँले समर्थन गर्नुभएको छ नि त ?**

ठिकै छ त । सार्न दिनुहोस् न त । के भयो र ? शेरबहादुरको आफ्नै बलले सार्न सक्नुहुन्थ्यो । सिटौलाजीले पनि सार्न बल गरिरहनुभएको छ भने फरक के परेको छ र ? तर, मेरो चिन्ता के भने बैशाखमा पनि चुनाव भएन भने के हुन्छ ? भन्ने चिन्ता हो । भदौभित्र पनि चुनाव भएन भने के हुन्छ ? भन्ने चिन्ता, त्यो चिन्ता गर्नुपर्छ नेताहरूले । जसरी जाँदैछ नेपाली कांग्रेस, त्यो हिसाबले भदौमा पनि हुन्छ कि हुँदैन भन्ने चिन्ता छ नि त कोरोनालाई देखाएर । छिमेकी जिल्ला विहारमा चुनाव हुँदैछ एक महिनापछि । हामी पाँच हजारको चुनाव गराउन नसक्ने राजनीतिक दल हो, नेपाली कांग्रेस ?



## शेखर कोइराला
## केन्द्रीय सदस्य, नेपाली कांग्रेस

**अन्य पार्टीहरुले धमाधम महाधिवेशनको मिति घोषणा गरिसकेका छन्, राष्ट्रिय प्रजातन्त्र पार्टीले गरेको छ । नेपाल कम्युनिष्ट पार्टी (नेकपा) ले भनिसक्यो, अब चैतमा जसरी पनि महाधिवेशन गराउँछौं भनेर । अनि तपाईहरू चाहीं किन महाधिवेशन धकेल्नेतर्फ लाग्नुभयो ?**

सबैले भन्दैछन् । कसैले चैत भन्दैछन् । कसैले फागुन भन्दैछौं, हामीले । तीन वटै राजनीतिक दल नेपाली कांग्रेस, नेकपा, जनता समाजवादी पार्टी र राप्रपा कुनै पनि अधिवेशन चाहँदैन भन्ने कुरा बुझ्नुहोस । चाहने हामीजस्ता मान्छे मात्र हुन् । त्यो गर्न सक्छन् भने डर के छ भने शुशील कोइरालाको बेलामा नेपाली कांग्रेसले अधिवेशन गर्न सकेन, समयमा हुन सकेन, नेपाली कांग्रेस कोल्याप्स हुने भयो भनेर विधान थप्यौं, त्यो प्रावधान छ महिना । अहिले शेरबहादुरजीको पालामा त्यो क्लज नै हटाईदिने हो कि भन्ने मलाई डर छ । किनभने यसमा नेकपाले पनि सक्दैन चैतमा गर्नका लागि । कहाँबाट सक्छ ? एउटा मन्त्रीमण्डल बनाउन सकेको छैन । कहाँबाट सक्छ उसले ?

**त्यसो भए अब नेपाली कांग्रेसको भविष्य अन्धकार हुने भयो ?**

होइन, नेपाली कांग्रेसको भविष्य अन्धकार छैन । किनभने नेपाली कांग्रेस लोकतन्त्रमा विश्वास गर्छ । जुन राजनीतिक दल लोकतन्त्रमा विश्वास गर्छ, भविष्य त्यही दलको उज्जवल छ । भोलि त्यही राजनीतिक दल राम्रो हुन्छ ।

**लोकतन्त्ररप्रजातन्त्रको कुरा गर्दा तपाईंकै पार्टीभित्र लोकतन्त्र छैन ? बाहिरी कुराहरु तपाईंहरुले गर्ने ?**

आन्तरिक लोकतन्त्र छैन त, म त कहाँ छ भन्दैछु नेपाली कांग्रेसमा ? अहिले जसरी क्रियाशील सदस्यताहरु वितरण भईरहेको छ, प्रवेश गराईएका व्यक्तिहरुलाई हजार हजारवटा क्रियाशीलता दिईएको छ । सर्लाहीमा २७ सय क्रियाशीलता दिईएको छ । डडेलधुरामा ११ सय क्रियाशीलता दिईएको छ । १२ सय क्रियाशीलता रसुवामा दिईएको छ । डोल्पामा एक हजार क्रियाशीलता दिईएको छ । कुनै मापदण्ड नबनाईकन दिदिने ? उहाँहरुको तजबीजिमा गर्ने त पार्टी होइन त, नेपाली कांग्रेस ? त्यसैले लोकतन्त्र छैन भनिएको हो । नेपाली कांग्रेसको विधानमा के छ ? जनसम्पर्क समितिका अधिवेशनहरु गराऊ । अधिवेशन भएन भने तिमीले भाग लिन पाउँदैनौं । नेविसंघ र तरूण दल, तरूण दल तीनजनाले चल्दछ, नेविसंघको पदाधिकारीहरुको पनि पूरा गर्न सकेको छैन । त्यो अवस्थामा छ नि त । आन्तरिक लोकतन्त्र भएन नि त । अधिवेशन गराउन कसले रोकेको छ ? दलित संघको अधिवेशन कसले रोकेको ? सभापतिले होइन ? हामीले रोकेको हो ?नेपाली कांग्रेसभित्र आन्तरिक लोकतन्त्र छैन् । आन्तरिक लोकतन्त्र बलियो बनाउनुपर्छ । यो हाम्रो जिम्मेवारी हो नि ।

**पार्टीभित्र पनि तपाईंले एउटा मोर्चाबन्दी बनाउनुभयो, तर तपाईहरू मिल्न सक्नुभएन ?**

यो तपाईंहरूको दिमागी उपज हो । यो उपज नराख्नुहोस । केन्द्रीय सदस्यहरू र मिडियाकर्मीहरूले पनि हटाउनुपर्यो । नेपाली कांग्रेसभित्र विचारको लडाईं हुन्छ । र, अहिलेपनि छ । त्यो विचारको लडाईं विपी कोइराला हुँदापनि थियो । त्यतिवेला चाहीं अलिक राम्रो विचारको लडाईं हुन्थ्यो ।

यदि सिटौलाजीले साथ दिनुभएन भने तपाईंहरू कमजोर हुनुहुन्छ नि ?

उहाँले साथ दिने कि नदिने भन्ने कुरा पछिको कुरा हो । अहिले किन हतारिएको तपाईंहरू ? कसले साथ दिनुहुन्छ कि हुँदैन् ? शेरबहादुरजीलाई सपोर्ट गर्नुहुन्छ कि रामचन्द्रजीलाई गर्नुहुन्छ ? त्यो त अहिले समय बाँकी छ नि । किन चिन्ता गरेको अहिले ?

**तर, पार्टीभित्र सिटौलाजी निर्णायक पक्ष हो नि ?**

खोई, तपाईलाई लाग्छ । तर, मलाई लाग्दैन् ।

**देशमा यतिवेला जताततै भ्रष्टाचार बढिहेको छ, तपाईहरू के गर्नुहुन्छ ? सडकमा जानुहुन्छ कि चुप लागेर बस्नुहुन्छ ?**

म त सडकमा पनि जानुपर्छ भन्नुहुन्छ । कोरोनाले गर्दा भनेर अब नेपाली कांग्रेसले बहाना बनाउनुहुँदैन् । २५ जनाले पनि विरोध गर्न सक्छन् । पार्टीले महिनामा २० वटा प्रेस रिलिज जारी गरेर हुन्छ ? यसले कुनै माने राख्दैन् । मास्क लगाउनुपर्यो । हात पटक पटक धुनुपर्यो । स्यानिटाईज गर्नुपर्छ । संसद पनि अब किन रोक्नुपर्यो ? उपसभामुख बनाउनुपर्छ भनेर किन नभन्ने ?

# दशैंको मुखमा काम खोज्न भारत जानेको भीड

कैलाली । २० बर्षसम्म भारत बसेका बझाङको बुंगल नगरपालिका- १ डौडका रामहरि रोकायाले एकाधबाहेक दशैं र तिहार गाउँमा परिवारका सदस्यसँगै मनाए । अरु बेलामा कामका लागि बाहिर गए पनि दशैं तिहारका बेला भने घरै आइपुग्थे । तर यस वर्ष दशैं सुरु हुन एक महिना पनि बाँकी नहुँदा उनी भारत जाँदैछन् । ‘दसैंमा खर्च बढी हुन्छ । त्यो अनुसारको आम्दानी छैन’ उनले भने ‘यहाँ बसेर दुखी हुनुभन्दा कमाउन हिँडेको ।’ आर्थिक संकट बढ्दै गएपछि पर्वकै मुखमा परदेश जानुपरेको पीडा उनले सुनाए ।

‘घर परिवारलाई पाल्न मुश्किल भइरहेको छ । चाड पर्वमा छोराछोरी नयाँ लगाउने मिठो खाने भन्छन्, म कसरी दिउँला’ गम्भीर हुँदै रामहरिले भने ‘दशैं दशा नहोस् भनेर कमाउन हिँडेको ।’ उनीसँगै भारतको चण्डिगढ जान हिँडेका हरि थापा पनि सीमा नाकामा निकै गम्भीर थिए । कोरोना महामारीको बेला रोगसँग डराएर भारतबाट आएका उनी अहिले भोकसँग हारेर भारत फर्किन लागेका हुन् । करिब ७ महिनाको बसाइमा भएको रकम पनि सकिएको उनले सुनाए । ‘पैसा सकिएपछि चाड पर्व आयो, हामी कसरी मनाउनु’ उनले भने ‘१ महिना म भारतमा कमाएर पैसा पठाउँछु अनि यता घरमा रमाइलो गर्छन् ।’

हिन्दु नेपालीहरूको ठूलो पर्व विजया दशमी आउन अब ३ साता मात्रै बाँकी छ । विगतमा यो बेलासम्म वैदेशिक रोजगारीमा रहेका नेपालीहरू घर फर्किने क्रम बढिसकेको हुन्थ्यो । सबै भन्दा धेरै कामदार रहेको भारतबाट त झन् दैनिक हजारौं संख्यामा नेपालीहरू फर्किरहेका हुन्थे । तर, यस पटक भने सीमा नाकामा फरक दृश्य देखिएको छ । दशैं तिहार मनाउन नेपाल फर्किने बढी हुने समयमा अहिले नेपालबाट भारत जानेहरूको संख्या बढिरहेको छ ।

कैलाली लम्कीचुहाका मात्रिका खनाल पनि विगतमा यही बेला भारतबाट दशैं तिहार मनाउन नेपाल आउने गरेका थिए । तर, यस पटक उनी भारत जान लागेका हुन् । ‘साँझ बिहान छाक टार्न समस्या छ । यही बेला दशैं आयो’ उनले भने ‘समस्या टार्न भारत जान लागेका हौं ।’ जाजरकोटबाट भारतको सिम्ला जान हिँडेका १८ बर्षका प्रेम रानाले घरमा

बाँकी ६ पृष्ठमा

## दशैंको लागि सानिमा बैंकको निःशुल्क क्रेडिट कार्ड

नेपालीहरुको महान चाड बडादशैंको उपलक्ष्यमा सानिमा बैंकले "यो पालिको दशैंमा,क्रेडिट कार्डको बहार सानिमा बैंकमा" नारा सहित निःशुल्क क्रेडिट कार्ड जारी गर्ने भएको छ । यो योजना १२ आश्विन देखि आश्विन मसान्त २०७७ सम्म आवेदन दिने सम्पूर्ण ग्राहकहरुमा लागू हुनेछ । साथै, सुलभ ब्याजदरमा मासिक किस्ताबन्दी (भक्ष) भुक्तानीको व्यवस्था गर्न सकिनेछ । यसैगरी पहिलो ५० जना ग्राहकहरुले अनलाईन सपिङ्ग पोर्टल ((यलप्लिभ कजयउउप्लन उयचतबी ) दराजमा रु. ३,०००र- बराबरको सामान खरिद गर्दा रु. ५००र-को निःशुल्क भौचर समेत प्राप्त गर्न सक्नेछन् । सानिमा बैंकको सातै प्रदेशमा हाल ८२ वटा शाखा, १५ विस्तारित काउन्टरर ८१ वटा ए.टि.एम. संचालनमा रहेका छन् । साथै, सानिमा बैंकको डेबिट तथा क्रेडिट कार्ड प्रयोग गर्दा विभिन्न अस्पताल, सपिङ्ग आउटलेट ( कजयउउप्लन यगतभित ), होटेल, रेष्टुरेन्ट आदिमा विशेष छुटको व्यवस्था रहेको छ । विस्तृत विवरणको लागि httpsM//www.sanimabank.com/products/cards/discount-outlets login गर्न सकिनेछ ।

## ग्लोबल आइएमई बैंकले ल्यायो मेरी उनीलाई मुद्दति खाता योजना

ग्लोबल आइएमई बैंकले महिलाहरुलाई आर्थिकरुपमाशसक्त र स्वतन्त्रबनाउने उद्देश्यले 'मेरी उनीलाई'मुद्दति खाता योजना सञ्चालनमा ल्याएको छ ।

'मेरी उनीलाई' मुद्दति योजनाले महिलाहरुका नाममा बचत गर्न, महिलाहरुलाई बचतमा अभ्यस्त बनाउन, व्यक्तिगत खाता बाहक महिलाहरुलाई राम्रो प्रतिफल प्रदान गर्न र आर्थिक रुपमा महिलाहरुलाई सबल बनाउन, सहयोग पु¥याउने बैंकले जनाएको छ । एक लाख रुपैयाँभन्दा बढी रकममा खोल्न सकिने 'मेरी उनीलाई' मुद्दति योजनामा वार्षिक ९ प्रतिशतसम्म ब्याज पाइनेछ । यो मुद्दति योजनामा ६ महिनादेखि ५ वर्षसम्मको अवधिको लागि खोल्न सकिनेछ । बचत गर्ने बानीलाई प्रोत्साहन गर्ने यो योजनामा आवश्यकता अनुसार पटकपटक रकम थप गर्न पनि सकिने व्यवस्था छ । बैंकले यो खाता सँगै निशुल्क डेबिट कार्ड, लकर शुल्कमा शतप्रतिशत छुट, मुद्दति बचतको ९० प्रतिशतसम्म ऋण सुविधा र दश लाख भन्दा बढी रकमको मुद्दति खाता खोल्ने ग्राहकहरुलाई प्रिभिलेज कार्ड उपलब्ध गराउनेछ । यस योजना अन्तर्गत मुद्दति खाता खोल्ने ग्राहकहरुले होम लोनको प्रोसेसिङ्ग शुल्कमा शतप्रतिशत छुट पाउनेछन् भने निश्चित रकम सहित मुद्दति खाता खोल्ने प्रतिबद्धता गरेमा ग्राहकको घरदैलोमै पुगेर सेवा उपलब्ध गराइनेछ । यो मुद्दति खाता खोल्दा महिलाको आत्मविश्वास बढ्ने, परिवारमा सन्तुष्टि र खुशी ल्याउने र महिलाहरुलाई सामाजिक, आर्थिक र मानसिक रुपमा सबल बनाउने कुरामा बैंक विश्वस्त रहेको जनाएको छ । ग्लोबल आइएमई बैंकले आफ्ना ग्राहकहरुलाई बैंकिङ्ग सेवामा अतिरिक्त सुविधाहरु प्रदान गर्ने उद्देश्यले समय-समयमा यस्ता योजनाहरु ल्याउने गरेको छ ।

## महालक्ष्मी विकास बैंकको थप नयाँ शाखा सिराहाको गोलबजारमा

महालक्ष्मी विकास बैंकले नयाँ शाखा विस्तार गरेको छ । बैंकले असोज ९ गते सिराहाको गोलबजारमा नँया शाखा विस्तार गरी संचालनमा ल्याएको हो । उक्त शाखाकार्यालय सञ्चालनमा आएसँगै बैंकका शाखा कार्यालयहरुको संख्या १०३ पुगेको छ । बैंकले ग्राहकको विश्वसनीयतामा अभिवृद्दि गरि सम्पूर्ण क्षेत्र र




वर्गसम्म बैंकिङ सेवाको पहुँच पुर्याउने उद्देश्यले शाखाविस्तार गरि १०३ वटा शाखाबाट करिब ५ लाखभन्दा बढीग्राहकहरु माफ बैंकिङ सेवा उपलब्ध गराउदै आइरहेको छ । ग्राहकको हितलाई मध्यनजर गर्दै देशको अर्थतन्त्र सुदृढ बनाउन बैंक सदा प्रयासरत रहने बैंकले जनाएको छ ।

## राष्ट्र बैंकका डेपुटी गभर्नर श्रेष्ठसहित ७ जना उच्च अधिकारीमा कोरोना पुष्टि

नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर शिवराज श्रेष्ठसहित राष्ट्र बैंकका ७ जना उच्च अधिकारीलाई कोरोना संक्रमण पुष्टि भएको छ । डेपुटी गभर्नर शिवराज श्रेष्ठ र राष्ट्र बैंक सुपरभिजन विभागका ६ जना उच्च अधिकारीमा कोरोना संक्रमण पुष्टि भएको राष्ट्र बैंक स्रोतले जनाएको छ । 'डेपुटी गभर्नर सहित ७




जनालाई कोरोना पुष्टि भएको छ ।' राष्ट्र बैंक स्रोतले भन्यो । श्रेष्ठका सवारी चालकलाई पनि कोरोना पुष्टि भएको छ । राष्ट्र बैंकका उच्च अधिकारीलाई कोरोना संक्रमण पुष्टि भएपछि गभर्नर महाप्रसाद अधिकारी लगायत उच्च अधिकारीहरु कन्ट्याक्ट ट्रेसीडमा परेका छन् । केहि समय अघि गभर्नर अधिकारी कोरोनाको आशंकामा भैंसेपाटीस्थित आफ्नै निवासमा क्वारेन्टिनमा बसेका थिए ।

## एनआईसीको भाखा नाघेका कर्जाको ब्याजदर ८.९९ प्रतिशत कायम गर्न २० दिन बाँकी

एनआईसी एशिया बैंकबाट ऋण लिई साउन मसान्तसम्म भाखा नाघेका कर्जाहरुको ब्याजदर ८.९९ प्रतिशत कायम गर्न अब २० दिन बाँकी रहेको बैंकले जनाएको छ । कोभिड-१९ बाट ऋणीहरुमा परेको असर न्यूनीकरण गर्न

NIC ASIA
एन आई सी एशिया बैंक लि.

विभिन्न सहुलियतका योजनाहरू ल्याइरहेको बैंकले २०७७ साउन मसान्तसम्म ३ महिना वा बढीले वक्यौताको भाखा नाघेका कर्जाहरुको २०७७ असोज मसान्तसम्मको सावाँ तथा ब्याज रकम सोही मसान्तभित्र चुक्ता भुक्तान गरेमा साविकको ब्याजदरलाई घटाई १ कात्तिक २०७७ देखि लागू हुने गरी ८.९९ प्रतिशत ब्याजदर कायम गरिने योजना ल्याएको ल्याएको हो ।

यस योजनामा सहभागी हुन अब २३ दिन बाँकी रहेकाले मौकाको फाइदा उठाउन बैंकले ऋणीहरूलाई अनुरोध गरेको छ । मासिक तथा त्रैमासिक किस्ताबन्दी कर्जाहरूका साथै चालू पुँजी कर्जा तथा अन्य रिभल्भिङ प्रकृतिका कर्जालगायत बैंकबाट प्रवाह भएका कुनै पनि कर्जाहरू उपभोग गरेका ऋणीहरुलाई बैंकले कर्जामा आकर्षक छुटको व्यवस्था गरेको हो ।

## सांग्रिला डेभलपमेन्ट बैंकले ऋणीलाई ब्याज रकममा १२ प्रतिशत छुट दिने

सांग्रिला डेभलपमेन्ट बैंकले ऋणी ग्राहकलाई ब्याज रकममा १२ प्रतिशत छुट दिने भएको छ । कोभिड १९ को असरको मूल्यांकन गर्दै बैंकले आफ्ना ऋणी ग्राहकहरुका लागि बुझाउन बाँकी असोज मसान्तसम्मको ब्याज रकममा १२ प्रतिशत आकर्षक छुटको योजना ल्याएको हो । बैंकका ऋणी ग्राहकले २०७७ आश्विन मसान्त सम्ममा चुक्ता भुक्तान गर्न बाँकी रहेको सम्पूर्ण साँवा र ब्याज रकम आश्विन मसान्तसम्म भुक्तानी गरेमा भुक्तानी गरिएको ब्याज रकममा १२ प्रतिशत सहुलियत स्वरुप छुट हुने कम्पनीले जनाएको छ । यसरी ग्राहकलाई ब्याज रकममा छुट गरिँदा २०७७ असार मसान्तसम्मको यस डेभलपमेन्ट बैंकको आधार दरभन्दा कम नहुने गरी छुट दिईने बैंकले जानकारी गराएको छ । उक्त माथि उल्लेखित ब्याज रकममा दिइएको छुट सेयर कर्जा, मुद्दती निक्षेप धितोमा दिइएको कर्जा, तथा लघुवित्त बित्तीय संस्थाको नाममा दिइएको थोक कर्जामा लागु नहुने समेत बैंकले जनाएको छ । बैंकले ब्याज रकममा प्रदान गर्ने यस छुटले ऋणी ग्राहकलाई हालको यस्तो विषम परिस्थितिमा केही सहयोग पुग्ने बैंकको विश्वास रहेको छ ।

## के एनसीसी र नेपाल बंगलादेश बैंकबीच मर्जर हुँदै

काठमाडौं । नेपाल बंगलादेश (एनबी) बैंक र नेपाल क्रेडिट एण्ड कमर्स बैंक (एनसीसी) यी दुई बैंकबीच मर्जर गराउन आग्रह गर्दै एनबी ग्रुपले राष्ट्र बैंकमा पत्राचारसमेत गरेको छ । एकै व्यक्ति वा संस्थाको सेयर (क्रस होल्डिङ) रहेका बैंकहरु मर्ज गराउने राष्ट्र बैंकको रणनीति हो । यी दुई बैंकहरुमा पनि क्रस होल्डिङ रहेको छ । क्रस होल्डिङ गर्नेमध्येको एक संस्थापक लगानीकर्ता एनबी ग्रुपले साउन दोस्रो साता राष्ट्र बैंकलाई पत्राचार गर्दै मर्जरका लागि आवश्यक निर्देशन दिन आग्रह गरेको थियो । तर, एनबीको त्यो पत्रको कारबाही राष्ट्र बैंकले हालसम्म पनि अगाडि बढाएको छैन । एनबी ग्रुपका प्रवन्ध निर्देशक (एमडी) लक्ष्मी बहादुर श्रेष्ठ दुई बैंक मर्ज गराउनका लागि जोडतोडका साथ लागेका छन् । श्रेष्ठले मर्जर गराउन चाहेपनि दुवै बैंकका सञ्चालक समितिले भने खासै सक्रियता देखाएका छैनन् । राष्ट्र बैंकले निर्देशन नदिएकाले पनि दुवै बैंकमा तातो नलागेको एनसीसी बैंकका एक सञ्चालकले बताए । एनबी बैंकले राष्ट्र बैंकलाई पठाएको पत्रमा आवश्यक निर्देशन दिन भनेको छ । तर राष्ट्र बैंकले अहिले मर्जरका लागि बल नगर्ने नीति लिएको छ । तत्कालीन गभर्नर डा. चिरञ्जीवी नेपालले बैंक तथा वित्तीय संस्था मर्जरका लागि पुँजी वृद्धिको योजना ल्याएका थिए । सो योजना पछि 'ख' र 'ग' वर्गमा निकै राम्रो प्रभाव प¥यो । विकास बैंक र फाइनान्स कम्पनीहरुको संख्या ७५ प्रतिशतसम्म घटेपनि कमर्सियल बैंकले यो नीतिले खासै असर गरेन् । ३२ वटा रहेको कमर्सियल बैंकहरु अहिले २७ मा झरेका छन् । एनबी ग्रुपको अहिले एनसीसी बैंकमा १२ प्रतिशत संस्थापक सेयर होल्ड रहेको छ भने नेपाल बंगलादेश बैंकमा ९ प्रतिशत । एनबी ग्रुपभन्दा अन्य लगानीकर्ताहरुको ठूलो मात्रामा होल्डिङ रहेका कारण श्रेष्ठले चाहेर मात्रै हुने सम्भावना कम छ । अर्कोतर्फ एनबीको प्रतिनिधि अहिले दुवै बैंकका सञ्चालक समितिमा छैनन् । मर्जरका लागि सञ्चालक समितिले निर्णय गर्नुपर्ने भएका कारण पनि आफ्नो प्रतिनिधि नहुँदा एनबी ग्रुपका एमडी श्रेष्ठले चाहेको निर्णय गराउन सकेका छैनन् । अहिले एनसीसी बैंक सञ्चालक समितिका अध्यक्ष उपेन्द्र केसरी न्यौपाने छन् । बैंकको सञ्चालकहरुमा इमानसिंह लामा, चन्द्रप्रसाद बास्तोला, माधव प्रसाद भट्ट, कृष्ण श्रेष्ठ र डा. कैलाश अमात्य छन् । नेपाल बंगलादेश बैंकको सञ्चालक समितिको अध्यक्ष भने एआरएम नाज्मुस सकिब छन् । उनी बंगलादेशको ढाकामा रहेको आईएफआईसी बैंकको प्रतिनिधित्व गर्दै बैंकको अध्यक्ष बनेका हुन् । आईएफआईसी बैंक बंगलादेशको यो बैंकमा राम्रै लगानी छ । अध्यक्ष मात्रै होइन एनबी बैंकको सञ्चालक समितिमा संस्थापकतर्फ आईएफआईसी बैंकका प्रतिनिधिहरु मात्रै रहेका छन् । आईएफआईसीको प्रतिनिधित्व गर्दै सकिबसँगै एम शाह आलम, सरवार क्यमरुन, नाहेर अम्हेद सञ्चालक छन् । बैंकमा सर्वसाधारण समूह तर्फबाट भने दीपक कार्की, मुकुन्दनाथ ढुंगेल र इन्द्रबहादुर थापा सञ्चालक छन् । नेपाल बंगलादेश बैंक मर्जरका लागि आईएफआईसी बैंकको निर्णय महत्वपूर्ण हुन्छ । तर एनसीसी बैंकसँग मर्जरका लागि एनबी ग्रुपका एमडी श्रेष्ठले राष्ट्र बैंकमा पत्राचार नै गरिसकेपछि आईएफआईसीसँग छलफल हुन बाँकी छ । आईएफआईसीले प्रक्रिया शुरु गरौं नभनेसम्म मर्जरको कुनै काम हुन नसक्ने नेपाल बंगलादेश बैंक स्रोत बताउँछ । 'मर्जर गर्नु भनेर मात्रै पनि हुँदैन, मर्जरका लागि धेरै कुराहरु मिल्नु पर्छ,' बैंक स्रोतले भन्यो ।

# बैंकिङ्ग संसार

## नेपाल फाईनान्सको २७ औं बार्षिक साधारण सभा सम्पन्न

नेपाल फाइनान्स लिमिटेडको २७औं बार्षिक साधारण सभा कोभिड १९ महामारीको बाबजुत सम्पूर्ण शेयरधनीहरुको भौतिक तथा अभौतिक (भर्च्युअल) माध्यमबाट संस्थाको केन्द्रिय कार्यालय कमलादी काठमाण्डौंमा संचालकहरु प्राध्यापक हिरेन्द्रमान प्रधान राष्ट्रिय योजना आयोगको सदस्य भइसक्नुभएका प्रा. हिरेन्द्र मान प्रधान -अध्यक्ष) , चन्द्रकुमार राई, दिप्रश शाक्य, राजन प्रजापती, रोजीना श्रेष्ठ, लक्ष्मी महर्जन तथा स्वतन्त्र संचालक आनन्द कृष्ण ताम्राकार लगायत आधारभुत शेयरधनीहरुको उपस्थितीमा सम्पन्न भएको छ । सो साधारणसभाले संस्थाको अधिकृत पूजी १ अर्ब र जारी तथा चुक्ता पूजी ८४ करोड २ लाख बनाउने निर्णय समेत गरेको छ । नेपाल राष्ट्र बैंकले ग बर्गका वित्तीय संस्थाको चुक्ता पूँजी ८० करोड पु¥याउन दिएको निर्देशन बमोजिम सो निर्णय गरेको हो । साथै साधारण सभाले यसका लागि सो प्रकृयालाई अगाडि बढाउने प्रस्तावलाई समेत पारित गरेको छ ।

२०४९ सालमा स्थापना भएको नीजि क्षेत्रको पहिलो फाइनान्स कम्पनीले स्थापनाकाल देखि हाल सम्म आफ्नै इतिहास बोकेको छ । यस संस्थालाई




नयाँ ढंगले आफै संचालन गर्न सकिन्छ भन्ने अठोटका साथ केहि नयाँ शेयरधनीहरु समेतको सक्रियतामा यस संस्थाको चुक्तापूँजी रु ८४,०२,६५,५९४/- अक्षरेपी चौरासी करोड दुई लाख पैसठ्ठी हजार पाँच सय चौरानब्बे मात्र) पुऱ्याउन १ः१.७५ (एक बराबर एक दशमलब सात पाँच) को अनुपातमा हकप्रद शेयर जारी गर्ने विशेष प्रस्ताव यसै साधारणसभाबाट पारित भएको समेत कम्पनीले जानकारी गराएको छ । संस्थाको मिति २०७४ फागुन २९ गते सम्पन्न भएको विशेष साधारण सभाको निर्णय बमोजिमको हाल कायम चुक्ता पूँजीको १ः१.२५ को दरले हकप्रद शेयर जारी गर्ने गरी प्रकृया थालिएकोमा सोको धितोपत्र बोर्डबाट स्वीकृत हुने अन्तिम चरणमा रहेको छ जस अन्तर्गत आधारभुत लगानीकर्ता तथा संचालकहरुबाट उक्त हकप्रद शेयर बापतको रकम कल्स इन एडभान्समा जम्मा भइसकेको छ । हाल संस्थाको सुधार कार्यक्रम अन्तर्गत केहि अत्यावश्यक भौतिक सामाग्रीहरु परिवर्तनका साथै आन्तरिक व्यवस्थापनमा सवलिकरण गर्ने, संचालन जोखिमलाई न्यूनिकरण गर्ने उपायहरु समेत अवलम्वन गरिएको छ । अब आउने दिनहरुमा संस्थालाई आधुनिकिकरण गर्दै लैजाने रणनिति लिइएको छ । अवका दिनहरुमा संस्थाको गुणस्तरमा सम्पतिको वृद्धिदैं लैजाने योजना रहेको कम्पनीको योजाना छ । यस संस्थाको व्यावसायिक सक्षमता अभिवृद्धि गर्नका लागि आधुनिक सूचना प्रविधिलाई अवलम्वन गर्दै लैजाने र संस्थाको कर्मठ तथा ईमान्दार कर्मचारीहरुलाई विभिन्न समयमा तालिम गोष्ठिको व्यवस्थापन गरी क्षमता अभिवृद्धि गरिदै लगिएको छ ।

## निषेधाज्ञा खुलेपछि बैंकको ऋण लगानी बढ्यो

काठमाडौं । निषेधाज्ञा खुला भएसँगै बैंक तथा वित्तीय संस्थाहरुको कर्जा लगानी पनि बढेको छ । पछिल्लो एक सातामा मात्रै २७ वाणिज्य बैंकहरुले ९ अर्ब रुपैयाँभन्दा धेरै कर्जा लगानी गरेका छन् । संघले दिएको जानकारीअनुसार हालसम्म वाणिज्य बैंकहरुको २९ खर्ब १३ अर्ब रुपैयाँ ऋण लगानीमा रहेको छ । भदौ २६ सम्म यी बैंकहरुको ऋण लगानी २९ खर्ब ४ अर्ब रुपैयाँ थियो । असोज २ गतेसम्म आइपुग्दा ९ अर्ब रुपैयाँले बढेर २९ खर्ब १३ अर्ब रुपैयाँ पुगेको हो । सोही अवधीमा २७ वाणिज्य बैंकहरुले २१ अर्ब रुपैयाँ निक्षेप संकलन गरेका छन् । २६ भदौसम्म ३५ खर्ब ९५ अर्ब




रुपैयाँ रहेकोमा एक हप्तामा २१ अर्ब थपिएर २ असोजसम्म ३५ खर्ब १६ अर्ब रुपैयाँ पुगेको छ । यो ऋण लगानी नियमितभन्दा एकदमै कम हो । तर लकडाउनका बेला ठप्प रहेको ऋण लगानी विस्तारै सुधार हुँदै गएको छ । भदौ महिनामा निषेधाज्ञाकै बिचमा पनि दैनिक एक अर्ब हाराहारीमा कर्जा लगानी भएको थियो । भदौको तुलनतामा अब असोजमा लगानी बढ्ने संघको अनुमान छ । संघका अनुसार वाणिज्य बैंकहरुले निषेधाज्ञाकै बीचमा १९ अर्ब रुपैयाँ कर्जा लगानी गरेका थिए । 'क' वर्गका बैंकहरुको साउन मसान्तसम्म २८ खर्ब ७८ अर्ब रुपैयाँ कर्जा लगानीमा रहेको थियो । भदौ लागेपछिको १९ दिनमा भने कर्जा लगानी १९ अर्ब रुपैयाँले बढेर २८ खर्ब ९७ अर्ब रुपैयाँ पुगेको संघले जनाएको छ । संघले उपलब्ध गराएको तथ्यांकअनुसार निक्षेपको तुलनामा कर्जा नै धेरै बढेको छ । १९ अर्ब कर्जा लगानी भएको अवधिमा निक्षेप भने १२ अर्ब रुपैयाँमात्रै जम्मा भएको संघले जनाएको छ । भदौ १ गतेभन्दा अगाडि बैंकहरुमा ३४ खर्ब ७९ अर्ब रुपैयाँ निक्षेप रहेको थियो । संघका अनुसार १९ दिनमा बढेर ३४ खर्ब ९१ अर्ब रुपैयाँ निक्षेप पुगेको छ ।

# कम्युनिष्ट आन्दोलन र राष्ट्रिय एकताको आधार



- उदिम खड्का

आज नेपालीको कम्युनिष्ट आन्दोलन ७२ बर्ष चल्दै गर्दा, यो अवस्थामा नेपालमा कम्युनिष्ट आन्दोलन धुर्बिकरण हुँदै एकातिर क्रान्तिकारीधार र अर्कोतिर नब-संसोधनबादी, दक्षिणपन्थी, आसेपासे, दलाल-नोकरशाही वादीमा परिणत हुँदै कम्युनिष्ट आन्दोलनलाई क्षयीकरण गरिदै आइरहेको छ। नेपाल अर्द्ध र नवउपनिबेशी, अर्द्ध र सामन्ती, दलाल पुँजीवाद र आसेपासे पुँजीवाद हाबी भएको मुलुक नै रहेकोले यो अझै जनताको नयाँ जनवादी क्रान्तिकै चरणमा छ। तीन पटक भएका पुराना पुँजीवादी प्रकृतिका राजनितिक क्रान्तिले सामन्तवादलाई कमजोर र दलाल( आसेपासे पुँजीवादलाई हाबी वनाउदै ल्याएका छन। तसर्थ "आज नेपालको अर्थ राजनितिक अवस्था सर्वहारा समाजवाद निर्माण गर्ने तयारीको होइन,नयाँ जनवादी क्रान्तिलाई पूर्णता दिने तयारी गर्ने अवस्था हो।" वर्तमान अवस्थामा अर्थतन्त्र निर्माणको सिद्धान्त, बैज्ञानिक समाजवादी वा नयाँ जनवादी सिद्धान्त हुन सक्तैन। वर्तमान बर्गिय आधार र राजनितिक अधिरचनाले ती मध्ये कुनै पनि सिद्धान्तलाई साथ दिदैनन्। प्रजातान्त्रिक समाजवादी अर्थतन्त्रको मार्क्सवाद विरोधि सिद्धान्त हो। वर्तमान ठोस् कार्यक्रमले सामाजिक पुँजीवाद निर्माण गर्ने सिद्धान्तमा आधारित भई राष्ट्रिय अर्थतन्त्रलाई सबल बनाउनु मार्क्सवाद-लेलिनवाद संगत कुरा हो।

राष्ट्रिय पुँजी र व्यबसायिकरणबाट प्राप्त स-साना पुँजी दुबैको सामाजिक दायित्व रहने हुनाले ती दुबैलाई समष्टिमा सामाजिक पुँजी र त्यसको सिद्धान्तलाई सामाजिक पुँजीवाद भनिएको हो। सामाजिक पुँजीवादको आधारमा राष्ट्रिय अर्थतन्त्रको सबलीकरण गर्ने संघर्षले बर्गिय(धुर्बिकरणलाई बढाउने छ। सामाजिक पुँजीवादमा आधारित राष्ट्रूय अर्थतन्त्र निर्माणको संघर्षले ल्याउने धुर्बिकरणले समयक्रममा बर्ग संघर्षलाई विष्फोटक विन्दुमा पुर्याउनेछ र चौथो राजनितिक क्रान्तिको स्थिति उत्पन्न हुनेछ।त्यसलाई क्रान्तिकारी ढंगले सदुपयोग गर्दै अधिकतम् क्रान्तिकारी उपलब्धि प्राप्त गर्ने संघर्ष गरिनुपर्छ।

त्यो अधिकतम् उपलब्धि के होला ?

"त्यसको निर्धारण तत्कालीन राष्ट्रिय (अन्तर्राष्ट्रियद्वय स्थिति र क्रान्तिकारी शक्तिको अवस्थाले निर्धारण गर्नेछ।"

(ख) राष्ट्रिय एकताको आधार

नेपाली समाज र समाज परिवर्तनको प्रक्रियामा र देशी दलाल (विदेशी हस्तक्षेपकारी भुमिकाको प्रक्रियामा निहित विशिष्टता अनुरुप देशका सवै खाले देश भक्त शक्तिहरुलाई साझा कार्य सुचिका आधारमा सहकार्य र गठवन्धनमा ल्याउन क्रान्तिकारीहरुले पहलकदमी लिनुपर्छ।

नेपाली समाजमा देशी दलाल र सार्वभौम र स्वाधीनता माथि बिदेशी हस्तक्षेपकारी भुमिकाको बिरुद्ध लड्ने देश भक्त शक्तिका चार धार आधार हुन सक्छन।

(क) कम्युनिष्ट (ख) बामपंथी (ग) प्रजातान्त्रिक र (घ) राष्ट्रवादीहरु

यी सबै शक्ति आधारभूत राष्ट्रिय हितपरी एजेन्डामा एकगठ भई बर्तमान ज्वलन्त समस्याहरुका राष्ट्रमुखी समाधानलाई साझा कार्यसुचिका आधारमा लड्नुपर्छ।

(1) संबिधान वा कानुनद्वारा जातिय पहिचान संस्थागत गर्नु र नेपालका सवै नश्लका जातियहरुलाई आदिवासी मान्नु।

(2) संविधानको स्विकार गरिसकेको जातीय ,लिङ्गीय,क्षेत्रीय समान्ता र समावेशीकरणका प्रवाधानहरुलाई सकृयताका साथ कार्यन्वयन गर्नु र अपुग कुराको निम्ति राजनितिक प्रयत्न चलाउनु।

(3) लागू भइरहेको संघिय प्रणालीमा देखिएका विकृति ,विसंगतिका प्रकृतिहरुका अमिल्दा कुराहरुको तथ्य र तर्क युक्त ढंगले बिरोध र भण्डारफोर गर्नु र स्वदेशमुखी संघियताको निम्ति राजनितिक संघर्ष बढाउनु।

(4) नेपाललाई क्रिश्चियनीकरण गर्ने माध्यम बनेको "धर्मनिरपेक्षता" लाई खारेज गर्नु र नयाँ धार्मिक द्वन्द्व निम्त्याउने नेपाललाई "हिन्दु -राष्ट्र " बनाउने गैर जम्मेवार अभियानलाई राजनीतिक रुपले निस्तेज बनाउनु र असल सनातनी संस्कृतिको पक्षपोषण र संरक्षण गर्नु।

(5) गैर नेपालीहरुले सजिलै नागरिक्ता पाउने संबैधानिक र कानुनी ब्यवस्थाको बिरुद्ध संघर्ष गर्नु।"नागरिक्ता ऐन संसोधन बिधेयक 2075 लाई फिर्ता गर्न र उच्चस्तरीय अधिकार संम्पन्न नागरिक्ता छानविन न्यायिक आयोग गठन गर्न संघर्षलाई व्यापक र सशक्त बनाउदै अघि बढाउनु।

(6) नेपालीको अन्तर्राष्ट्रिय सिमा रक्षा, त्यसको नियमन, नेपालको असलग्न तटस्थ परा-राष्ट्र नीति कार्यनयनको निम्ति र अन्त राष्ट्रिय हित रक्षाका बिषयमा संघर्ष गर्नु।

(7) विदेशीको स्वार्थका आधारमा सार्वभौमसत्ता र स्वाधीनताको खलल पुग्नेगरी हुने सन्धि-संझौता विरुद्ध तर्क संगत ढंगले संघर्ष अगाडि बढाउनु।

(8) लुटतन्त्र,आसेपासे विचौलिया, माफिया आधिमा अधपतित भएको लोकतन्त्रलाई मूल्य मान्यता युक्त बनाउने संघर्षलाई अघि बढाउनु।

(9) देशमा व्यापक बनेको भ्रष्टाचार ,बेरोजगारी ,करवृद्धि, मंहङ्गी, गरीबी ,दण्डहीनता, हिंसा ,हत्या, बलत्कार आदी जस्ता सामाजिक अपराध बिरोधि संघर्षलाई कडा र व्यापक बनाउनु। यस्ता बुदागत संघर्षहरु देश भक्त चार धार शक्तिका हतियार हुन सक्छन्। देश भक्त शक्तिका सबैखाले चार धार शक्तिहरुको बलमा राष्ट्रिय एजेन्डाका मुद्दामा र राष्ट्रिय हितकारी मुद्दाहरुमा साझा कार्य सुचिका आधारमा राष्ट्रिय आन्दोलन चलाउनुको विकल्प छैन।

खड्का प्रगतिशील युवा संघको सहसंयोजक

# कम्युनिष्ट आन्दोलन र राष्ट्रिय एकताको आधार

विनोद नेपाल

'नेपालको संविधान' छैटौं वर्षमा प्रवेश गरेको छ। यसको अर्थ नेपालको वर्तमान मूल कानुन जारी भई कार्यान्वयनमा आएको आधा दशक पूरा भएको छ। गत वर्षदेखि संविधान दिवसलाई 'राष्ट्रिय दिवस'को रूपमा मनाउन थालिएकाले यो दिवस विशेष हुन गएको छ। छैटौं संविधान दिवस पनि सोही रूपमा मनाइएको छ। कोरोना भाइरस 'कोभिड-१९'ले उत्पन्न गरेको असहज परिस्थितिका बीच भव्य रूपमा मनाउन नसकिए पनि यसपटक पनि यस दिवसलाई विशेष उत्सवकै रूपमा मनाइएको छ। संविधान दिवसको अवसरमा प्रधानमन्त्री केपी शर्मा ओलीले सैनिक मञ्च टुँडिखेल, काठमाडौंमा ३ असोजमा आयोजित विशेष समारोहलाई सम्बोधन गरे। समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले 'जनताद्वारा, जनताका लागि जननिर्वाचित प्रतिनिधिबाट लेखिएको वर्तमान संविधान सबै नेपाली अटाउने गतिशील दस्तावेजको मियो भएको' बताए। उनले 'कुनै आशंका वा अस्पष्टता छन् भने संवादका माध्यमबाट तिनलाई हटाउन सरकार सदैव तयार रहेको' पनि स्पष्ट पारे।

'लोकतन्त्र प्राप्तिका लागि सात दशकभन्दा लामो संघर्षमा सामन्ती प्रतिक्रियावादी राज्यसत्ताविरुद्ध जनतालाई परिचालन गरिएको' तथा 'जनताको संघर्ष र बलिदानलाई साकार पार्न दल, समूह राष्ट्रिय मूलधारमा सामेल भई सिर्जनशील र रचनात्मक बन्न जरुरी भएको' उनको धारणा थियो। मूल समारोह समितिका अध्यक्षसमेत रहेका प्रधानमन्त्री ओलीले '२०७२ असोज ३ गते संविधानसभाट नयाँ संविधान जारी भएकै दिनदेखि ढाल्नुपर्ने र फाल्नुपर्ने राज्य व्यवस्था सधैंका लागि समाप्त भइसकेको' पनि बताए। सुशासन र पारदर्शिता विकास निर्माणको अत्यावश्यक सर्त भएको बताउँदै ओलीले अख्तियारको दुरुपयोग, भ्रष्टाचार, अनियमितता नियन्त्रण चुनौतीपूर्ण रहेको तथा आफू भ्रष्टाचार नगर्ने, गर्न नदिने र भ्रष्टाचारीविरुद्ध बोल्दा मुखमा पानी हालेर नबोल्ने बताए। सो अवसरमा उनले सञ्चारमाध्यमलाई व्यावसायिक बन्न पनि सुझाए।

यो त भयो औपचारिक समारोह, संविधान प्रतिको आस्था र विश्वसनीयताको कुरा। अब लागौं संविधान कार्यान्वयको आधा दशकको अवधि र यसबीच देखिएका परिदृश्यको कुरा। प्रधानमन्त्री ओलीले भनेझैं निश्चय नै संविधान जारी भएपछि ढाल्नुपर्ने र फाल्नुपर्ने ढालिए अनि फालिए तर नेताको प्रवृत्ति फालिएन र फेरिएन पनि, नेतासँगै आयो।

जनतालाई ठूलाठूला सपना देखाइएको थियो। यसैले, सोहीअनुरूप नयाँ र भिन्न अपेक्षा जनतामा थियो। तर, उनै नेता नेतृत्वमा पुगे यसैले विगतमा 'सामन्ती' भनिएकाकै चरित्र र शैली दोहोरियो। जनता यो देखेर चिन्तित र चकित छन्। अझ सौभाग्यको कुरा पहिलो निर्वाचनले राज्यका तीनै तहमा समाजवादको दुहाइ दिने वामपन्थीलाई अत्यधिक मत प्राप्त भयो। एकछत्र शासन गर्ने अधिकार सुम्पियो। तर, शक्तिको सदुपयोग होइन कि दुरुपयोग हुन थाल्यो। सरकारले दलाल, बिचौलिया र तस्कर भ्रष्टसँग मिलोमेतो गर्न र तिनकै बचाउ र संरक्षण गर्न थाल्यो। अझ आश्चर्य, नियन्त्रणमुखी कानुनहरू बन्न थाले। कतिपय बनिसके र बन्ने क्रममा छन्, संविधान प्रदत्त हक अधिकार संकुचित गर्ने प्रयास भएका छन्। अस्वाभाविक अध्यादेशसमेत ल्याइए र फिर्ता लिए जुन संविधानको उपहास थियो। अहिले पनि विरोधीमाथि विभिन्न ढंगमा जाइलाग्ने क्रम जारी नै छ। यस्तो तन्त्रलाई लोकतन्त्र र गणतन्त्र कसरी भन्ने ? भोका जनताको पेट भर्नेभन्दा पनि पुँजीपतिको मतियार बन्ने सरकारलाई कसरी जनताको सरकार भन्ने ? जनता प्रश्न गरिरहेको छ।

संविधानका विशेषता संघीयता, मौलिक हक र समानुपातिक प्रतिनिधित्व हो। तर, त्यसको पूर्ण अभ्यास र प्रत्याभूति हुन सकेको छैन। संविधानबमोजिम हुनुपर्ने अधिकार प्रत्यायोजन भएको छैन र केन्द्रीकृत प्रणाली नै भएको अनुभूति भएको छ र संघीयता भनिए पनि शासन एकात्मक नै छ। राजनीतिकर्मीले आफ्ना स्वार्थमा निर्णय लिएका छन्, जनताको हितमा होइन। राजनीतिक दलको शैलीले पनि गणतन्त्रको अनुभूति हुन सकेको छैन। संविधानको कार्यान्वयनमा प्रश्न उठेको छ। भागबण्डा गर्ने परिपाटी छ। मन परेको मान्छे नियुक्त गर्न बाधा परेमा त्यसलाई मिच्ने र संविधानको आफू अनुकूल व्याख्या गर्नेक्रम जारी छ।

विडम्बना नै मान्नुपर्छ। एकातिर संविधानको गुणगान गाउने, प्रशंसा गर्ने, सकारात्मक व्याख्या गर्ने तर संविधानमाथि निरन्तर बलात्कार गर्ने र संविधानको उपहास गर्नेक्रम जारी नै छ। संविधानको हुर्मत लिनेक्रम जारी छ। संविधानको भावनाविपरीत काम गर्ने र लोकतन्त्रको दुहाइ दिने, समाजवादको कुरा गर्नेक्रम जारी नै छ। भनिन्छ, राजनीति भनेको झुटको खेती हो। भ्रम फैलाउन सफल हुनुलाई नै राजनीतिमा सफलता मानिन्छ। यो हाम्रा जस्ता मुलुकको अभ्यासबाट अनुभूत सत्य पनि हो। यहाँ, हामीकहाँ पनि अभ्यासमा, संविधानको प्रयोगमा त्यही भएको छ। संविधानको भावनामाथि कुठाराघात र जनताको अपेक्षामाथि तुसारापात भएको छ। अर्काले दिएको लादेको संविधान मान्ने बानी परेका आफैंले बनाएको संविधान लत्याउँदै छन्। संविधान संकट उन्मुख छ र कतिखेर के हुन्छ भन्न सकिने अवस्था छैन। जब कि ठूला कुरा गरेर मात्र संविधानको संरक्षण र सम्मान हुँदैन संविधानको भावना अनुरूप काम हुनुपर्छ।

मुलुकको पछौटेपनका लागि राजतन्त्रलाई जिम्मेवार ठानिएकोमा लामो संघर्षपछि २०४६ सालमा संवैधानिक राजतन्त्र हुँदै २०६५ सालमा मुलुकमा गणतन्त्र आयो। तर, सोपश्चात् संविधान जारी हुन नै अस्वाभाविक समय लाग्यो भने त्यसपछि निर्वाचन सम्पन्न भई शक्तिशाली सरकार गठन भएपछि पनि मुलुक पुरानै अवस्थामा छ। जनताको हुनुपर्ने सरकार बिचौलिया र दलालको भएको छ। सरकार तिनकै हितमा काम गरिरहेको छ। तिनकै हित संरक्षणमा लागिपरेको छ। एकपछि अर्को काण्ड उजागर हुँदै छन्, यो कोरोना संकटकाल आम जनताका लागि पीडादायी भएपनि केहीका लागि अवसर बनेको छ। भ्रष्टाचारको नाममा निर्धा, निरीह र निम्न तहका आत्महत्या गर्न बाध्य छन् भने ठूलाठालुका मुद्दा तामेलीमा पठाउनेले राज्यको सम्मान पाएको अस्वाभाविक अवस्था छ। राज्य नै अपराधीको संरक्षणमा लाग्नु आफैंमा अनौठो हो तर यहाँ स्थिति यही छ र सरकारले शक्तिको दुरुपयोगमा कीर्तिमान कायम गरेको छ।

सरकार अलोकप्रिय भएको छ। संविधानबमोजिम प्रधानमन्त्री मुलुकको कार्यकारी हो। सम्पूर्ण अधिकार उसैमा हुन्छ। तर, व्यक्तिको लहडमा निर्णय लिन पाइँदैन, संविधानसम्मत निर्णय लिनुपर्छ। प्रधानमन्त्री यस मान्यता र सीमामा नरहँदा समस्या भएको छ र उनको स्वेच्छाचारी कार्यशैलीको पार्टीभित्रै विरोध भए पनि असन्तुष्टलाई प्रलोभनमा पारी अनुचित, अस्वाभाविक निर्णय लिने र असहमत पक्षलाई खरिद गर्नेक्रम जारी नै छ। विधिविधानको आफ्ना अनुकूल व्याख्या वा संशोधन गर्ने काम भएको छ। संवैधानिक निकाय निकम्मा गराइएका छन्। संसद् त स्वतन्त्र छैन नै, चाहे विधि निर्माणको क्रममा होस् वा संसद्को सभामुख र उपसभामुख फरक दलको हुनुपर्ने व्यवस्था सन्दर्भमा, संवैधानिक व्यवस्था र संविधानको भावनाको उपेक्षा गर्दै जबरजस्ती गरिएको छ नै न्यायपालिकालाई समेत कार्यपालिकाको लाचार छाया बनाउने प्रयास भएको छ।

बाँकी ८ पृष्ठमा

# रामेछाप डायरी

## रामेछापमा वाणिज्य बैंक ५ दिनको लागी बन्द

राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय रामेछाप डाँडा ५ दिनको लागी बन्द गरिएको छ। बैंकका प्रबन्धकलाई शनिबार कोरोना पुष्टिएपछि बैंकबाट प्रदान गरिने सम्पुर्ण सेवाहरु २०७७ असोज ११ गते आईतबारदखि २०७७ असोज १५ गतेसम्मका लागी बन्द गरिएको वाणिज्य बैंक शाखा कार्यालय रामेछाप डाँडाले एक सुचना प्रकाशित गरि जानकारी गराएको छ। कोरोना संक्रमण पुष्टि भएका बैंकका प्रबन्धक केहि दिन अघि काठमाण्डौंबाट रामेछाप आउनुभएको थियो। उहाँलाई समान्य लक्षण देखिएपछि कोरोना परीक्षण गर्दा पोजेटिभ देखिएको थियो। उहाँ हाल रामेछाप नगरपालिकाको आईसोलेसनमा बस्नु भएको छ भने बैंकका अन्य कर्मचारीहरु क्वारेन्टिनमा बसेका छन। शनिबार रामेछाप जिल्लाका ५ जनामा कोरोना संक्रमण पुष्टि भएको थियो।

## लिखु तामाकोशी गाउँपालिका अध्यक्ष खड्का जेल चलान

रामेछापको लिखु तामाकोशी गाउँपालिकाका अध्यक्ष गोविन्दबहादुर खड्का जेल चलान भएका छन्। शरीर बन्दक, बलात्कार र ठगीको अभियोग लागेका खड्कालाई पुर्पक्षको लागि जिल्ला अदालत रामेछापले कारागार पठाएको हो। खडकालाई मध्ये राती जिल्ला कारागार रामेछापमा ल्याइएको छ। गाउँपालिका अध्यक्ष खड्का विरुद्ध, शरीर बन्धक, गठी र बलात्कारको अभियोगमा मुद्दा दर्ता भएको थियो। धोबी बजारको सडक निर्माण उपभोक्ता समितिका अध्यक्ष दर्पण तामाङले खड्का विरुद्ध दिएको शरीर बन्दक तथा अपहरणको उजुरीको आधारमा पालिका अध्यक्ष खड्कालाई साउन ३० गते प्रहरीले पक्राउ गरेको थियो। खड्का पक्राउ परेपछि एक युवतीले आफूलाई बलात्कार गरेको भनि गाउँपालिका अध्यक्ष खड्का विरुद्ध उजुरी दिएकी थिइन। जिल्ला अदालत र ामेछापले ठगीको उजुरीमा ५० लाख रुपैयाँ र शरीर बन्धकमा २ लाख रुपैयाँ सजाय तोकेको छ। जबर्जजस्ती करणीको मुद्दामा भने पुर्पक्षका लागि थुनामा पठाइएको जिल्ला अदालत रामेछापले जानकारी दिएको छ।

## ट्राफिक प्रहरी रामेछापद्धारा ३ लाख ७५ हजार राजस्व संकलन

रामेछाप ट्राफिक प्रहरीले नियम बिपरित कार्य गर्ने सवारीसाधनहरुलाई कार्बाहि गरी असोज महिनाको दश दिनमा ३ लाख ७४ हजार ५ सय रुपैया र कम संकलन गरेको छ। असोज १ गते देखि सुरु भएको लामो तथा छोटो दुर ीमा सञ्चालन भएका ३ सय ८७ वटा सवारी साधनहरुलाई कार्बाहि गर्दा उक्त रकम संकलन भएको जिल्ला प्रहरी कार्यालय रामेछापका प्रहरी नायव उपरि क्षक बसन्त पाठकले बताउनुभयो। आफुहरुले छड्के रुपमा बेला बेलामा बिभिन्न ठाउमा गई सो राजस्व संकलन गरिएको जिल्ला ट्राफिक प्रहरी प्रमुख रामेश्वर पाण्डेले बताउनुभयो। कार्बाहि पर्नेमा भाडा बढि लिने र मापदण्ड भन्दा धेरै यात्रीहरु राखेर सञ्चालन गर्ने यातायातका साधनहरु नै बढि रहेको पनि उहाले जानकारी दिनुभयो। ट्राफिक प्रहरीले १० गते शनिबार मात्र नियम बिपरित सञ्चान भएका ४३ वटा सवारी साधनलाई कार्वाहि गरी ४४ हजार र ाजस्व संकलन गरेको थियो। यो अबधिमा ट्राफिक प्रहरीले नियम बिपरित सञ्चालन भएका सवारी साधनहरुलई १ हजार देखि ३ हजार सम्म जरिवाना लिएको छ। सरकाले यहि असोज १ गतेदेखि लामो दुरीका सबारी साधनहरु साबिकको भाडा दरमा ५० प्रतिशत सम्म बढि भाडा लिएर जनस्वास्थ्यका मापदण्डहरु पुरा गर्ने गरी सञ्चालन गर्न अनुमति दिएको छ। कोभिड -१९ का कारण बिगत चैत्र महिना देखि लामो र छोटो दुरीका यात्रुवाहक सवारी साधनहरुलाई सञ्चालनमा रोक लगाइएको थियो।

## रामेछापमा ३ हजार ३८५ किलोमिटर सडक निर्माण

रामेछाप। जिल्ला सदरमुकाम समेत रहेको मन्थली नगरपालिकामा स्थानीय तहको सरकार बनेपछि गएको असारसम्म ५१९ किलोमिटर सडक निर्माण भएको छ। मन्थली नगरपाालिकाकी उपप्रमुख माया कुमारी कार्कीले यो अवधीमा ४५० किलोमिटर कच्ची , साढे ३८ किलोमिटर कालोपत्रे र ३१ किलोमिटर ग्राबेल सडक निर्माण भएको जानकारी दिनुभयो। नगरपालिका भित्रका टोल र बस्तीहरु सडको पहुँचमा पुगिसकेका छन् , अब नगरपालिकाले नयाँ सडक बनाउने भन्दा भएको सडकको स्तरउन्नतीमा जोड दिएको छ उपप्रमुख कार्कीले भन्नुभयो। जिल्लाको अर्को रामेछाप नगरपालिकामा स्थानीय सरकार बनेपछि ३०० किलोमिटर नयाँ सडक निर्माण भएको छ। नगर पालिकाका इन्जिनियर कुसुम भट्टराईले जनप्रतिनिधिहरु निर्वाचित भएर आइसकेपछि ५०० मिटर सडक कालोपत्र भैसकेको र झण्डै तीन किलोमिटर सडकमा कालोपत्रेको काम भैरहेको जानकारी दिनुभयो। स्थानीय सरकार बनेपछि सडक निर्माणको कामले प्राथमिकता पायो , रामेछाप नगरपालिकामा हालसम्म सडक निर्माणका लागि लगभग १७ करोड बढी रकम खर्च भैसक्यो उहाँले भन्नुभयो। रामेछाप नगरपालिकामा स्थानीय सरकार बन्नुअघि र बनेपछि गरि ५९४ किलोमिट सडक निर्माण भएका छन्। यसमध्ये अहिलेसम्म १३.५ किलोमिटर मात्रै सडक कालोपत्रे भएको छ। दुई नगपालिका र ६ गाउँपालिका रहेको रामेछापमा स्थानीय सरकार बनेपछि ३ हजार ३८५ किलोमिटर सडक निर्माण भएका छन्। रामेछापका प्रतिनिधिसभाका सांसद श्यामकुमार श्रेष्ठ(कुशल)को पहलमा जिल्लाका रणनैतिक सडकको कालोपत्रे र ग्राबेल गर्ने काम भैरहेको छ। त्यसैगरी बागमती प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री कैलाश ढुंगेलको पहलमा मुख्य सडकहरुको कालोपत्रे गर्ने काम अगाडि बढीर हेको छ। जिल्लामै सबै भन्दा बढी ७१६ किलोमिटरसडक खाँडादेवी गाउँपालिकामा निर्माण भएको छ भने सबै भन्दा कम सुनापती गाउँपालिकामा २७६ किलोमिटर सडक निर्माण भएको छ।

खाँडादेवी गाउँपालिकाकी उमाध्यक्ष मखमली श्रेष्ठले नयाँ सडक निर्माण गर्ने गाउँपालिकाको योजना नरहेको बताउनुभयो। स्थानीय सरकर बनेयता दोरम्बा गाउँपालिकामा हालसम्म १३० किलोमिटर सडक निर्माण भएको छ। गाउँपालिकाकी उपाध्यक्ष कृसला घिसिङले हालसम्म गाउँपालिकाभर झण्डै ३०० किलोमिटर सडक निर्माण भएपनि स्थानीय सरकार बनेपछि १३० किलोमिटर सडक निर्माण भएको बताउनुभयो। उहाँले गाउँपालिकाले अहिले ए,बी,सी गरि तीनवटा ग्रेड बनाएर सडक निर्माणको काम गरिरहेको बताउनुभयो। लिखु तामाकोसी गाउँपालिकामा ४५० किलोमिटर सडक निर्माण भएको छ। गाउँपालिकाका उपाध्यक्ष दीपशिखा दाहालले गाउँपालिका अहिले सडकलाई व्यवस्थित बनाउने योजनामा जुटेको बताउनुभयो। गोकुलगंगा गाउँपालिकामा हालसम्म ४०० किलोमिटर सडक निर्माण भएको छ। गाउँपालिकाकी उपाध्यक्ष राधिका श्रेष्ठ नेवारले स्थानीय सरकार बनेपछि ४०० किलोमिटर भन्दा बढी सडक निर्माण गरिएको बताउनुभयो।

जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक



# जलस्रोतमा प्रचुर सम्भावना बोकेको सुन्दर देश नेपाल हो



सूर्यनाथ बास्तोला बरिष्ठ जलस्रोत विज्ञ हुनुहुन्छ । उहाँले ३ दशक धन्दा धेरै नेपालको जलस्रोत क्षेत्रमा काम गर्नुभएको छ । नेपाल विद्युत प्राधिकरणको डाइरेक्टर इन चिफबाट रिटायर्ड हुनुभएका उहाँले जलस्रोत सम्बन्धी धेरै किताबहरू पनि लेख्नुभएको छ । हालसम्म पनि नेपालको ऊर्जा क्षेत्रमा सक्रिय भएर काम गरिरहनु भएका उहाँसँग गरिएको अन्तरवार्ताको मुख्य अंशहरू तपाईँले लामो समय नेपाल विद्युत प्राधिकरणमा काम गर्नुभयो तपाईँले गरेका केही उल्लेखनीय कार्यहरू के के हुन् ?

हो, मैले ३ दशकभन्दा धेरै नेपाल सरकारको सेवा गरेँ । त्यस शिलशिलामा धेरै महत्वपूर्ण पदमा रहेर नै काम गरे । मैले नोकरी शूरू गर्दा नेपालमा इन्जिनियरहरू एकदमै कम थिए । मैले धेरै समय जलस्रोतको विकास र विस्तारमा बिताएँ । पनौती प्रोजेक्ट मैले बनाएको हो । त्यसपछि देविघाट हाइड्रो पनि म नै चिफ इन्जिनियर भएर बनाएको हो । पछि मैले मर्स्याङ्दी प्रोजेक्ट सम्पन्न गराएँ । म विद्युत विभागको पूर्वाञ्चल प्रमुख भएर पनि लामो समयसम्म काम गरे । पूर्वाञ्चलमा विद्युतीकरण गर्नमा मेरो धेरै योगदान छ । छोटकरीमा भन्ने हो भने मैले नेपालको विद्युत विकासमा उदाहरणीय काम गरेर देखाए भन्दा सायद कुनै अत्युक्ति नहोला ।

नेपाल जलस्रोतमा अथाह स्रोत भएको देश भएर पनि यसको समुचित विकास हुन सकेको छैन, कारण के होला ?

नेपाल प्राकृतिक जलस्रोतमा प्रचुर सम्भावना बोकेको सुन्दर देश हो । यहाँ जलस्रोतबाट धेरै र ठुला ठूला हाइड्रो प्रोजेक्ट बनाउन सकिन्छ । आजभन्दा १ सय वर्ष अगाडिदेखि नै नेपालमा जलविद्युतको विकास भएर पनि हालसम्म धेरै उत्पादन गर्न सकिएन । राणाकाल, पञ्चायतकाल र बहुदलीय ब्यवस्थामा पनि काम नै नभएका भने होइनन् तर उलेख्य मात्रामा काम हुन सकेन । सरकारहरू अस्थिर भए । काम गररै देखाउछु भन्ने आँट र भिजन भएका मन्त्रीहरू हुन सकेनन् थोरै भएपनि काम त भएकै हो नि ।

नेपालले जलस्रोतबाट धेरै भन्दा धेरै फाइला लिन के गर्नुपर्छ ?

सर्वप्रथम यसको प्रसस्त उत्पादन गर्नुपर्छ र भारत र बंगलादेशमा बिजुली निर्यात गरेर मनग्ये आम्दानी गर्नुपर्छ । यसको लागि बर्तमान सरकार र प्रधानमन्त्री स्वयं नै अग्रसर भइरहेको मैलै देखेको छु । ठूला आयोजनाहरू गर्न हामीसँग प्रर्याप्त पूँजीको अभाव भएकाले भारत तथा अन्य देशबाट लगानी ल्याउनुपर्छ । सरकारले उनीहरूलाई विश्वासमा लिन सक्नुपर्छ । नेपालको जलस्रोतमा लगानी गर्दा सुरक्षित हुन्छ र मुनाफा कमाउन सकिन्छ भन्ने विश्वास दिलाएपछि मात्र विदेशीहरूले लगानी गर्छन् । नेपालको नीतिनियम लगानीमैत्री बनाउनुपर्छ । अर्को सबैभन्दा महत्वपूर्ण कुरा संरचनामा परिवर्तन अत्याबश्यक छ । जलस्रोत विकास गर्न एक अर्को शक्ति सम्पन्न आयोग बनाउनुपर्छ । नेपाल बिद्युत प्राधिकरणले मात्रै यसो गर्न सक्दैन । यसले बितरणको काम गर्छ । भारत र बंगलादेशलाई विश्वासमा लिन जरूरी छ ।

उनीहरूसँग वार्ता र संवाद गरेर मात्रै अगाडि जानुपर्छ । सारमा भन्ने हो भने एक अधिकारप्राप्त र शक्ति सम्पन्न आयोग गठन गर्नुपर्छ । यसमा विषयविज्ञहरू रहने ब्यवस्था हुनुपर्छ । यही आयोगले नीति नियमदेखि लगानीसम्म अइइपर्ने सबै काम गर्ने ब्यवस्था गरिनुपर्छ ।

ओली नेतृत्वको बर्तमान सरकारले त ऊर्जा विकासलाई प्राथमिकता दिएर नै अबको वर्षमा १५ हजार भन्दा धेरै बिजुली उत्पादन गर्ने महत्वकाँक्षी लक्ष्य लिएको छ के यो सम्भव छ ?

असम्भव त छैन तर यसको लागि भाषण भन्दा काममा ध्यान दिन जरूरी छ । यो सरकार स्थायी प्रकारको छ । अर्को महत्वपूर्ण कुरा प्रधानमन्त्री केपी ओली दृढ इच्छाशक्ति भएको राजनेता हो । नेपालको जलस्रोतका विकास विना दिगो विकास सम्भव छैन भन्ने उहाँलाई राम्ररी थाहा छ । पछिल्लो समय धेरै कामहरू पनि भएका छन् । बंगलादेश र भारतसँग राम्रो कुराकानी भएको छ । भारतका प्रधानमन्त्री मोदीले नै नेपालमा उत्पादित बिजुली हामी किन्न तयार छौं भनेका छन् । अहिले भारतले केही बिजुली हामीलाई दिएर लोडसेडिङ अन्त्य गराउन सहयोग पनि गरेको छ । ऊर्जामन्त्री पुन पनि निकै सक्रिय रूपले लागिरहनु भएको छ । ठुला ठुला आयोजना गर्न सरकारले कतिपय शाहसिक निर्णयहरू लिनुपर्ने हुन्छ । सरकार स्थिर र शक्तिहाली भएकोले अकिले यसो गर्न सम्भव पनि छ । प्रधानमन्त्री ओलीको भिजन स्पस्ट र विकासप्रेमी भएकाले आँउदा वर्षहरूमा नेपालमा उलेख्य मात्रमा जलस्रोतको विकास हुन्छ भन्ने मेरो विश्वास छ ।

अन्त्यमा थप केही भन्नुहुन्छ कि ?

मैले लामो समय नेपालको जलस्रोतका क्षेत्रमा काम गरेकाले मलाई कसरी यसको समुचित विकास हुनसक्छ भन्ने कुरा राम्रोसँग थाहा छ । मैले विभिन्न माध्यमबाट यसमा बोलिरहेको पनि छु । नेपालमा सस्ता पर्ने आयोजना बनाएर भारतलाई बिजुली बेच्नुपर्छ साथै यसलाई सिंचाइको लागि पानीको आवश्यक भएकाले उचित मूल्य लिएर पानी पनि बेच्नुपर्छ । नेपालको समग्र विकासमा दरो टेवा दिनसक्ने भनेको जलस्रोतको विकास नै हो ।

यसको उचित विकास गर्न सरकार अन्य राजनीतिक दल र नागरिक मिलेर अगाडि बढौं भन्न चाहन्छु ।

**आयुर्वेदिक उपचारको पहिलो रोजाइ**
**विकल्प आयुर्वेद हेल्थ सेन्टर प्रा.लि.**

***हाम्रा सेवाहरु***

ग्याष्ट्रिय, अल्सर, गानोगोला, जन्डिस, पाइल्स, हातखुट्टा झमझमाउने, दुख्ने, हडडी खिएको, युरिक यसिड, बाथ रोग, दम, खोकी, पिनास, अनिन्द्रा , डिप्रेशन, मृगी प्यारालाइसिस, महिनावारी गडबडी, तल्लो पेट दुख्ने, सेतो पानी बग्ने, पाठेघरको बिना अप्रेशन उपचार, यौन दुर्लवता सिघ्र स्खलन, बाझोपन पिसाब पोल्ने, धातु रोग, प्रोस्टेट, पत्थरी छाला सम्बन्धि रोग, उच्च रक्तचाप, मधुमेह, थाइराइड लगायतका सम्पुर्ण रोगको दक्ष आयुर्वेद चिकित्सकवाट सफल उपचार गरिन्छ ।

**नोटः** यहाँ बिना अप्रेशन क्षारशुत्र विधिद्धारा पाइल्स, फिस्टुला, फिसरको सफल उपचार गरिन्छ । गुणस्तरीय स्वास्थ्य सेवाको एक मात्र ठाउँ

**विकल्प आयुर्वेद हेल्थ सेन्टर प्रा.लि.**
**लाइन्स चोक, नारायणगढ, चितवन**
सम्पर्क पैशा नलाग्ने टोल फ्रि नं. १६६०५६५८०००
फोन न. ०५६ : ५७०४६८
फोनवाट पनि नाम दर्ता गर्न सकिने छ ।

**लामखुट्टेको टोकाईबाट बच्नु नै डेँगु रोगबाट बच्न सर्वोत्तम उपाय हो, त्यसैले :**
- पूरा शरीर ढाकिने गरी कपडा लगाउने ।
- सुतेको समयमा लामखुट्टेको टोकाईबाट बच्न अनिवार्य झुलको प्रयोग गर्ने ।
- घर वरपर वा खेतबारीमा काम गर्दा लामखुट्टेको टोकाइबाट बच्ने ।
- झ्याल र ढोकामा जाली लगाइ बन्द राख्ने ।
- लामखुट्टे उत्पन्न हुन नदिन घर वरपर सफा राख्नुका साथै पानी जम्न नदिने ।
- अचानक ज्वरो आए, टाउको धेरै दुखेमा तुरुन्त नजिकैको स्वास्थ्य संस्था वा अस्पतालमा जचाउन जाने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

## अन्तराष्ट्रिय समाचार

### प्रधानमन्त्रीद्वारा कोभिड-१९ खोप पत्ता लागेमा सहकार्य गर्ने प्रतिवद्धता

अस्ट्रेलियाका प्रधानमन्त्री स्कट मोरिसनले आफनो देशले कोभिड–१९ विरूद्धको खोप विकास गरेमा खोप विकासबारे प्राप्त हुने जानकारी अन्य मुलुकसँग बाँड्ने घोषणा शनिबार गरेका छन् । संयुक्त राष्ट्र संघको साधारण सभालाई सम्बोधन गर्दै उनले भने, अस्ट्रेलियाले कोभिड–१९ खोप परीक्षणमा हुने कुनै पनि खोजलाई बाँड्न प्रतिवद्ध छ । प्रभानमन्त्री मोरिसनले भने, जसले खोप भेट्टाउँछ उसले यसलाई बाँड्नै पर्छ । विश्वव्यापी महामारी अन्त्यको लागि व्यापक साझेदारी नैतिक जिम्मेवारी हो । अष्ट्रेलियाको धारणा स्पष्ट छ । यदि हामीले कोभिड–१९ विरूद्धको खोप पत्ता लगायौँ भने हामी सहकार्य गर्नेछौ । विश्वव्यापी महामारीलाई अन्त्य गर्न यो वाचा हामी सबैले गर्नुपर्नेछ, उनले थपे ।

सबैभन्दा बढी प्रभावित भिक्टोरियाका स्वास्थ्यमन्त्रीद्वारा राजिनामा

विश्वका अन्य विकशित मुलुकको तुलनामा अष्ट्रेलियामा अहिलेसम्म संक्रमितको संख्या कम रहेको छ । शनिबार दिउँसोसम्म अस्ट्रेलियामा कोभिड–१९ बाट संक्रमितको सत्त्या २७ हजार १६ पुगेको छ भने गत २४ घण्टामा थप संक्रमित पुष्टि भएका व्यक्तिको सत्त्या १७ रहेको छ । महामारीले सबैभन्दा बढी प्रभावित राज्य भिक्टोरियामा गत २४ घण्टामा नयाँ एक व्यक्तिको मृत्यु भएको छ । यससँगै अष्ट्रेलियामा कोभिड–१९ संक्रमण पुष्टि भएका व्यक्तिको मृत्यु संख्या ८७० पुगेको छ भने ७८२ जना भिक्टोरियाका रहेका छन् । अस्ट्रेलियाको भिक्टोरिया राज्यमा देशभर कोभिड–१९ का कारण मृत्यु भएको सत्त्याको ८९.८ प्रतिशत व्यक्तिको मृत्यु भएपछि भिक्टोरिया राज्यका स्वास्थ्य मन्त्रीले नैतिकताको आधारमा शनिबार राजिनामाको घोषणा गरेका छन् ।

### भारतमा नौ लाख ६० हजार संक्रमित

भारतमा कोरोना भाइरसबाट कूल संक्रमित मध्ये नौ लाखभन्दा बढी अझै पनि संक्रमित अवस्थामै रहेका छन् । सरकारी अधिकारीहरूले शनिबार दिएको जानकारीअनुसार कूल नौ लाख ६० हजार ९६९ जना अहिले पनि संक्रमित अवस्थामै रहेका हुन् । भारतमा पछिल्लो २४ घण्टामा ८५ हजार ३६२ जना कोरोना भाइरसबाट संक्रमित भएको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ । योसँगै भारतमा अहिलेसम्म कूल ५९ लाखभन्दा बढी संक्रमित भएका छन् । भारतमा कोरोनाकै कारणले अहिलेसम्म मृत्यु भएकाहरूको सत्त्या ९३ हजार ३७९ पुगेको छ । तीमध्ये एक हजार ८९ संक्रमितको पछिल्लो २४ घण्टामा मात्रै मृत्यु भएको हो । कोरोना भाइरबाट संक्रमित भएर पनि अहिले संक्रमणमुक्त भइसकेकाहरूको संख्या भारतमा ४८ लाख ४९ हजार ५८५ रहेको छ । प्रदेशअनुसार हेर्दा भारतमा सबैभन्दा बढी महाराष्ट्र प्रदेश प्रभावित भएको छ भने त्यसपछि क्रमशः कर्नाटक, अन्द्र प्रदेश, उत्तर प्रदेश र तमिल नाडु अग्रस्थानमा रहेका छन् । भारतको मेडिकल रिसर्च काउन्सिलका अनुसार भारतमा अहिलेसम्म सात करोड दुई लाख ६९ हजार ९७५ जनाको कोरोना परीक्षण गरिएको छ ।

### युक्रेनमा भएको सैनिक विमान दुर्घटनामा २५ जनाको मृत्यु

युक्रेनमा भएको सैनिक विमान दुर्घटनामा परी कम्तीमा पनि २५ जनाको ज्यान गएको बताइएको छ । युक्रेनका सैनिक अधिकारीहरूले सो उक्त विमान दुर्घटनामा परी ज्यान जानेको संख्या २५ पुगेको समाचारमा जनाएका छन् । शुक्रबार सो विमान दुर्घटनमा परेको थियो । युक्रेनको राष्ट्रिय सेनाले शनिबार बिहानसम्ममा त्यसमा परेका २५ जनाको ज्यान गएको बताएको हो । युक्रेनको किभ क्षेत्रमा सो विमान दुर्घटनामा परेको बताइएको छ । त्यसको अनुसन्धान जारी रहेको युक्रेन सरकारले जनाएको छ । युक्रेनका स्थानीय पत्रिकाले उक्त विमान इन्जिन फेल भएका कारणले दुर्घटनमा परेको बताएका छन् । किभका स्थानीय पत्रिकाहरूले रक्षामन्त्रीलाई उद्धृत गर्दै सो मसाचार दिएका छन् ।

### काराबाख क्षेत्रमा भिषण गोलाबारी, कम्तीमा ३९ जनाको मृत्यु

आर्मेनियाका पृथकतावादीहरूले नागोर्नी काराबाख क्षेत्रमा भएको संघर्षमा सोमबार आफना अरू १५ जना लडाकू मारिएको जनाएका छन् । आर्मेनियाबाट अलग्गिएको घोषणा गरेका काराबाख क्षेत्रका पृथकतावादीतर्फ छिमेकी अजरबैजानी सेनाले गरेको कारबाहीमा हालसम्म ३९ जनाको ज्यान गइसकेको छ । विश्वका नेताहरूले अजरबैजान र आर्मेनियाली विद्रोहीहरूबीच जारी लडाईं रोक्न आग्रह गरेका छन् । यो संघर्ष तत्काले नरोकिए त्यसले क्षेत्रीय शान्तिमै असर पार्ने अनुमान गरिएको छ । यहाँ मध्यस्थता गराउन रूस र टर्कीले विशेष भूमिका खेल्न सक्ने बताइएको छ । पूर्व सोभियत आर्मेनिया र अजरबैजानबीच सन् १९९० को दशकको शुरूदेखि नै आर्मेनिया–समर्थित पृथकतावादीसँग नागोर्नी काराबाखको विषयलाई लिएर संघर्ष हुँदै आएको छ । यस वर्षको सुरूमा र सन् २०१६ मा पनि लडाई भएको थियो । रक्षा मन्त्रालयले काराबाखमा सोमबार ३२ जना सैनिकको ज्यान गएको जनाएको छ । गोलाबारीमा परेर आर्मेनियाली क्षेत्रतर्फ सात जनाको एउटा परिवारका सबै सदस्यको मृत्यु भएको बताइएको छ । आर्मेनियाली रक्षा मन्त्रालयले पहिलो रात र सोमबार बिहान भारी लडाई जारी रहेको जनाएको छ । अजरबैजानी सेनाले आइतबार अखडा जमाएको क्षेत्रलाई पुनः फिर्ता लिएको मन्त्रालयले दाबी गरेको छ ।

तर अजरबैजानले लडाईंमा आफू अझ अघि बढेको जनाएको छ ।

रक्षा मन्त्रालयले भनेको छ, अजरबैजानी सेनाले रकेट–आर्टिलरी र लडाकू विमान प्रयोग गरेर आर्मेनियाली क्षेत्रमा हमला गरिहेको छ र टालेश गाउँको वरिपरिका धेरै रणनीतिक क्षेत्रलाई नियन्त्रणमा लिएको छ ।

आर्मेनियाली सैनिक अधिकारीहरूले अजरबैजान सेनाले भारी तोपको प्रयोग गरेर विद्रोहीका ठेगानाहरूमा आक्रमण गरिरहेको जनाएका छन्, जबकि अजरबैजानको रक्षा मन्त्रालयले टार्टर शहरमा पृथकतावादी विद्रोहीहरूले सर्वसाधारणमाथि आक्रमण गरिरहेको आरोप लगाएको छ । अजरबैजानले ५५० जना पृथकतावादी लडाकू मारिएको दाबी गरेको छ, तर आर्मेनियाले उक्त दाबीको खण्डन गरेको छ । आइतबारदेखि लडाइँ शुरू हुनुमा दुवै पक्षले एक अर्कामाथि दोष देखाएका छन् । मुस्लिम–बहुल अजरबैजान र ईसाई–बहुल आर्मेनियाबीचको लडाईले रूस र टर्कीबीच मतभेद निम्त्याउने सम्भावना पनि छ । आर्मेनियासँग रूसको सैन्य गठबन्धन रहँदै आएको छ भने मुस्लिम–बहुल अजरबैजानलाई टर्कीले समर्थन गरेको छ ।

# समाज सेवी पुरन बानियाँको सुक्ष्म जीवनी



तेजप्रकाश बाँनिया
पूर्व सहायकरथी

पोखराको लामाचौर र बाटुलेचौर गरी दुई ठाउँमा बानियाँहरूको ठूलो वस्ती छ। यस बाहेक सानातिना फाट्ट फुट्ट वस्ती पनि निकै ठाउँमा छन्। सानो वःती मध्य ढुङ्गेसाँघ'को वस्ती ५ पुस्ता अगाडि पुरनका जिजुले म्याग्दीको पुला भन्ने ठाउँबाट वसाइँ सराइ गरी आएर विकास गर्नु भएको हो। त्यो समूहले ढुङ्गेसाँघ' आई मिहिनेतका साथ राम्रो प्रगति गरी सामाजिक प्रतिष्ठा समेत आर्जन गरेको थियो। त्यसै प्रतिष्ठाको आधारमा पुरनका हजुरबाले सरकारबाट गाउँको जिम्मावालको ओहदा प्राप्त गर्नु भएको थियो।

जिम्मावाल परिवार त्यहाको मध्यम वर्गीय उच्च परिवार थियो। तत्कालीन परिवेश अनुसार जीविकोपार्जनको लागि जिम्मावालले चाँहिदो घरघडेरी खेतवारी र पशुआदि सबै सम्पत्ति को व्यवस्था गरेर स्वर्ग हुनुभएको थियो। तर पुरनको बाबु बलबहादुरले त्यो सम्पत्तिको वास्था गर्नु भएन। उहाँ ५ कक्षा पछि स्कुल पनि जानु भएन र घरखेतको काम पनि गर्नुभएन . बरू !

६ वर्षको कलकलाउदो उमेरमा साथीहरूको लहै लहैमा लागेर भारतको बम्बई सहरमा जानु भयो। त्यहाँ ठूलो संघर्ष पछि रिजर्भ बैंक अफ ईन्डियामा काम पाउनुभयो। बैंकको नोकरी छउन्जेल बलबहादुरको सबै परिवार कोचिएर भएपनि बम्बईको बैंकको क्वार्टरमा बस्न वाद्य भयो। यस्तो बसाइ बिसौ वर्षको भयो।

सन् १९८० मा बैंकबाट अवकाश प्राप्त गर्नुभयो र पोखरा फर्किएर १९८२ मा उहाँको देहान्त भयो। उहाँका २ वटी श्रीमती थिए। जेठी पुरन की आमाको नाम धर्म कुमारी र कान्छीको नाम शुभकुमारी थियो। दुवै परिवारबाट उहाँका ५ छोरा र २ छोरी थिए। जेठी पुरनको आमा पट्टि ३ छोरा र १ छोरी को जन्म भयो।

पुरनको जन्म आज भन्दा ६५ वर्ष अगाडि बम्बईको माटुङ्गा भन्ने ठाउँमा भएको हो। बलबहादुर र धर्म कुमारीका ३ छोरा र १ छोरी मध्ये पुरन कान्छो हो। र पुरन बाहेक सवै बालबालिकाको जन्म पोखरामा भएको हो। पुरनको बाल्यकाल बम्बईको घरमा माता पिताका साथ वित्यो। उनले ककरा घरैबाट सिके। तर दुखको कुरा ६ वर्षको उमेरमा मातृशोक पऱ्यो। तैपनि कतै मिल्दो काम पाए काम पनि गर्ने र अध्ययन पनि गर्ने गरेर ७ कक्षा सम्म सरकारी स्कुलमा र त्यस पछि एस.एल.सी. सम्म महर्षि दयानन्द स्कुलबाट उत्तीर्ण गरे . तत्पस्चात बम्बई युनिभर्सिटीबाट बि.कम, एम.कम र एल.एल.बि. उत्तीर्ण गरे।

भाग्यवस स्कुल जीवन देखि नै पुरन पढाइ र खेलकुदमा अब्बल विद्यार्थी भएकोले सबैले उनलाई राम्रो मान्दथे। त्यसले उनलाई अध्ययन र नोकरीमा मदत पुऱ्यायो। हुँदै जादा २२ वर्षको उमेरमा स्नातक पुरा गरेपछि पुरनले औपचारिक रूपमा जर्मनीको मल्टी नेशनल कम्पनीमा तालिम सहायकको पदमा मासिक भारु.४०० तलव आउने गरी नियुक्ति पाए। उनको उच्च तहको अध्ययनले गर्दा जीवनमा नयाँ सम्भावनाका ढोकाहरू खुल्दै गए।

उनलाई सन १९५५ देखि १९८२ सम्म २७ वर्ष भारतको निरन्तर बसाइमा दर्जनौं संघसंस्थाहरूमा काम गर्ने अवसर मिल्यो। खाडी राष्ट्रमा पनि ३ वर्ष काम गरे। पुनः भारतमा फर्केर केही वर्ष काम गरेपछि अन्ततः सन १९८६ मा नेपाल फर्के। तत्पश्चात हालसम्म आफ्नो नयाँ व्यवसायमा निरन्तरता दिदै छन। जीवनको दौरानमा बहराइन, ओमान, संयुक्त अरब इमिरेट्स, इटली र चीनमा समेत ३-४ वर्ष काम गर्ने अवसर मिल्यो। यस मानेमा आफूलाई भाग्यमानी ठान्दछन्। तर पनि उनलाई मुख्य सम्झन लायक काम भने भारतको बम्बई स्थित युनिट ट्रष्ट अफ इण्डिया जहाँ ताजा ५०० युवा स्नातकहरूसाथ भर्ना भई ३ वर्षसम्म काम गर्ने अवसर मिल्यो। त्यसवखत अनेकौ खेमाका साथीहरूसँग काम गरेको सम्झदा आफू ऐलेपनि बम्बईमा छु की जस्तो लाग्छ। दर्जनौं व्यक्ति सम्पर्कमा छन्। अझैपनि भारतको बम्बई गएर समय समयमा तिनीहरूसँग भेट गर्दै छन्। नोकरीकै सन्दर्भमा भारतका धेरै प्रान्तहरूको भ्रमण गर्ने अवसर मिल्यो। उनलाई भारतको राष्ट्रिय स्तरको रेशम (सेरीकल्चर)को बारेमा अनुसन्धानको लागि खटाइएको ले जम्मु कश्मिर, वेष्टबंगाल, कर्नाटक, तामिलनाडु र आन्द्रा प्रदेश समेतको करिव ८) प्रतिशत गाउँ र जिल्लाहरुको भ्रमण गर्ने अवसर प्राप्त भयो, जुनकुरा उनका लागि सम्झन लायक रह्यो।

पुरनलाई थाहा भएको उहाँका ५ पुस्ता सम्मको जीविकोपार्जनको उपाय खेतीपाती र पशुपालनमा सिमित रहेको थियो तर बलबहादुरले यो प्रथा तोडेर बम्बईमा जागीर गर्नु भएको हुनाले छोरा पुरन पनि जागीर खाने वा व्यवसाए गर्ने सोचाइमा थिए। पुरनका साथीले पनि एउटा उद्योग सञ्चालन गर्न उक्साइरहेका थिए। यसै मुताविक पुरनले व्यापार सुरु पनि गरे। तर भारत सरकारको नियमानुसार त्यो उद्योग बन्द गर्नुपर्ने भएकोले तुरुन्त बन्द गरे। त्यसपछि १९८६ देखि नेपाल आएर उत्पादन उद्योग सञ्चालन गरेर हाल सम्म निरन्तरता दिइरहेका छन्। हाल कोरोनाको प्रभावले गर्दा केही महिना देखि लकडाउनमा परेका छन।

अत्यन्त मिहिनेति पुरन बानियाँ ६ वर्षको कलिलो उमेरबाट आमा नहुँदा पनि नेपाली उखानमा टुहुराको दिन फिर्छ, विधवाको दिन जान्छु भन्ने चलन भएझैं, पुरन पनि जीवनको हरेक मोडमा आरोह अवरोह पार गर्दै अगि बढे। उनले हरेक कुरा आफै निर्णय गर्न पर्ने भयो। यत्तिकैमा २०५१ बैशाख १ गते सुश्री गायत्री राउतसँग बिवाह वन्धनमा बाधिए। अव पुरनको जीवनमा काँधमा काँध थपियो। गायत्री एक कुशल गृहिणी भएर पनि श्रीमानको व्यवसाय पार्टनर पनि हुनुभयो। पुरन एक सफल व्यवसायी मात्र नभएर बालबच्चाका लागि अशल पिता पनि भए। उनको जेठो छोरा आइटी इञ्जिनियर अमेरिकामा कार्यरत छन्। कान्छो छोराले भक्तपुरको वालकोट आफ्नै बानियाँ भवनमा एलजी इलेक्ट्रोनिक सो रुम सञ्चालन गरेकाछन्। त्यस पछिकी कान्छी छोरी मेकानिकल इञ्जिनियरको अन्तिम कक्षा अमेरिकामा पुरा गर्दै छन्। यसरी आफ्ना परिवारका लागि अविभावकले निभाउनु पर्ने भूमिकामा कुनैकमी आउन दिएका छैनन्।



नोकरी र पर्यटन भ्रमणको सन्दर्भमा भारतको ७५% र नेपालको ५) % भूभाग पुरनले भ्रमण गरेका छन्। धर्मपत्नीका साथ वङ्लादेश, हङ्कङ्, फ्रान्स, इटाली, जर्मन, स्विजरल्याण्ड्, बेलायत, अमेरिका, जापान, सिङ्गापोर, थाइल्याण्ड, आदि देशहरूको भ्रमण गर्न भ्याएका छन्। भ्रमणको अवसरमा रमाइलो दृःयावलोकन गर्ने, आनन्द लिने मात्र नभई आफ्नो व्यवसायलाई फराकिलो पार्न महत्वपूर्ण ग्राहकसँग भेटघाट र भलाकुसारी गर्ने पनि अवशर मिल्यो।

सामाजिक क्षेत्रमा पनि सेवा गर्न उनी बाल्यकाल देखि उत्सुक थिए। समाज सेवातर्फ पशुपति नाथको कृपाले उत्सुक गराएको ठान्दछन्। समाजबाट कुनै फलको आश नगरी दृढभएर लागेका छन्। उनलाई आफ्नो बारेमा प्रचार प्रशार गर्न मन पर्दैन। आफ्नो श्रीमती र छोराछोरीहरुलाई समेत सबैले आफ्नो आयआर्जनबाट कम्तीमा पनि १ प्रतिशत रकम निस्वार्थ भावले धर्तीमाताको सेवाकोलागि छुट्याउनु पर्छ भन्ने सल्लाह दिन्छन्।

उनले समाजलाई पुऱ्याएको योगदान मात्रको फेहरिस्त उतार्ने हो भने एउटा पुस्तक नै तयार हुन्छ। जुनकुरा यो छोटो चिनारीमा सम्भव पनि छैन। बानियाँ बन्धु लगायत धेरै संघसंस्था हरुलाई सेवा पुऱ्याएका छन्। २०७२ सालको भूकम्पमा पनि पीडित हरुलाई आफ्नो नेपालका चिनेजानेका साथीहरू बाट राहत संकलन गरी वितरण गरेका थिए। यतिमात्र नभई बम्बईका पुराना साथीहरुबाट समेत राहत संकलन गरी पीडितमाझ पुऱ्याएका थिए।

यस्ता उद्योगी एवम् समाज सेवी, अरूको उन्नति र प्रगतिमा रमाउने समाज सेवामा आफ्नो जीवन देख्ने सघर्षशील र प्रेरणा दायक, साथी भाइ, तथा अग्रज अनुजका लागि उत्प्रेरक उर्जा प्रदान गर्ने पुरन बानिाँको बारेमा सामान्य जानकारी गराउने उद्देश्यले यो पंक्तिकारको सानो प्रयास मात्र हो।

सधैं हसिलो म'हारमा रहने हँस-मुख पुरन बानियाँका आगामी दिनहरू अझ ससक्त भएर समाज सेवामा लागि रहनु,

र समाजले पनि उनको सेवा निरन्तर पाइरहोस भन्ने कामनाका साथ कलम बन्द गर्दछु।



# जलदेवी सामुदायिक वनको आकर्षण




*जिप लाइन*

**आन्तरिक तथा बाह्य पर्यटकका लागि आकर्षणको केन्द्र जिप लाइन तपाईहरुको सेवामा समर्पित छ। घुमौं मजा लिऔं, पर्यटन वर्ष २०२० लाई साकार गरौं।**

*आकर्षणहरु*

**१. एउटा तारमा झुण्डिएर स्पिडमा एउटा रुखबाट अर्को रुखमा पुग्ने,**
**२.भर्खरका युवा युवतीले प्रयोग गर्न सक्ने र चुडीने भन्ने प्रश्न नै नआउने**
**३. पार्कमा पिकनिकको व्यवस्था भएको,**
**४. अन्य साहसिक खेलका साथै मनोरञ्जन दिने विभिन्न इभेन्ट।**


# अधिकार अधिकार कहाँ छ



कृष्ण बोगटी काका
धुम्बाराही ४, काठमाण्डौ
हाल चक्रबहिल-१२, ललितपुर

निर्दोषीलाई फसाई जेल हालिन्छ उ हुन्छ घरबार विहिन गरिब त्यसैलाई विना प्रमाण भनिन्छ तर मुद्दा हालिन्छ त्यस्तै अर्को केस हुन्छ सहरीया धनाढ्य को तर त्यसलाई सफाई दिइन्छ किन की उसँग पैसा छ अति महंगा ओकिल राख्न सक्ने हैसियत छ त्यस्ता ब्यक्तिको मुद्दा सरकारी ओकिल ले पनि चलाउन नपर्ने भनी पुनरा गर्न मान्दैन किनकी आरोपीसँग पैसा छ तर म परे घरबार विहिन गरिब पैसा पेल्न सकिन त्यसैले प्रहरी प्रशासन समेत किनी भ्रष्टले झुठो आरोप लगाई जेलैं हाल्यो, न्यायाधिसज्यू भन्नु हुन्छ लगाएको कुनैपनि आरोप प्रमाणित नभएकोले उद्योगसम्म हुन सक्छ भनी ५ बर्ष कैद सजाय गरिन्छ आरोपीलाई ७० दिने म्याद पनी दिइन्न सरकारी ओकिललाई मात्र म्याद दिइन्छ तर पनि सरकारी ओकिल पुनरा गर्न जादैन पछि फसाउने भ्रष्टको विरुद्धमा पत्र पत्रिकाले झुठो आरोप लगाई निर्दोषलाई फसाएको भनि मिडियाले छानविन गरि पटक पटक प्रकाशित गरेपछि भ्रष्टाचारीको पोल खोल्ने डरले सरकारी ओकिललाई म्याद सकेपछि पनी प्रलोभनमा पारी मुद्दा दर्ता गरायो। तैपनि पुनरावेदन पाटनले एक बर्ष घटाइ दियो अनि जसरी पनि फसाउनै पर्ने नफसाए हाम्रो पोल खुल्छ भनेर गौरीले सरकारी ओकिललाइ सर्बोच्च जान लगाई मलाई चै जेलैमा आइ सर्वोच्च नगरे कुनै पनि सहयोग गर्छु तपाई धेरै जेल बस्नु छैन।

प्रधानको विरोध नगरे हामी तपाईलाई नगद समेत दिउँला मुद्दा छोडी दिनु भन्न सिविनको प्रोग्राम अफिसर कुमार भट्टराइ जेलैमा आई मलाई भेटेर गए तेस्को पनि प्रमाण छ मैले चाही घरबार विहिन भएपनि इज्जत भन्दा ठूलो केही हुँदैन भनी श्री सम्मानिय सर्वोच्च अदालतमा मुद्दा दायर गरेको छु आँसा छ निर्दोषीलाई सफाई नै हुनेछ मुद्दा दर्ता नं ०६८ः ऋच१०६८ संवाद दर्ता ि मति २०६८।१२।२० गते हो भ्रष्टाचारीको विरोध गर्दा आफ्नु अनुकुलको कर्मचारीलाई प्रलोभनमा पारी झुठो आरोप लगाउन कर्मचारीहरुलाई भन्यो।

मलाई फसाउने को विरुद्ध पत्र पत्रीकाले उजागर नगरेको भए पुनरावेदन पाटन बाटै सफाइ पाउने थिए उसको इज्जत बचाउन मलाई फसायो। आसा छ विना प्रमाण लगाईएको मुद्दा सफाई हुन्छ किनकी पैसा शक्ति सर्वोच्चमा चल्दैन अनुभवि श्रीमानहरु पनि हुनुहुन्छ मेरो पक्षमा साक्षी बस्ने पनि सिविनले नै पढाएको विद्यार्थीहरु हुन कुनै मेरो नाता गोता छैन। आशा छ अब कुनैपनि निर्दोषी नफसोस। जय नेपाल आमा।

